# महालेखापरीक्षकको
## वार्षिक प्रतिवेदन
## २०७८
## मुसिकोट नगरपालिका, गुल्मी




महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं,नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

लुम्बिनी,कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय


पत्र संख्या:२०७८।७९

च.नं. ६४

मितिः२०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
मुसिकोट नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,गुल्मी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

**बोधार्थ तथा कार्यार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


स्थानीय तहको राय सहितको प्रतिवेदन

(लुम्बिनि,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं. ६४

मितिः२०७८।५।४

श्री नगरप्रमुखज्यू,
मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,गुल्मी ।

विषयः लेखापरीक्षण प्रतिवेदन

## कैफियत सहितको राय

हामीले मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.३ करोड २२ लाख २२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२९ लाख ४९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ७७ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु.९७ लाख १५ हजार र पेश्की बाँकी रु.१७ लाख ६० हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्छयौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना छतिस (३६) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

### वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

# मुसिकोट नगरपालिका

## लेखापरीक्षण प्रतिबेदन

## २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गनरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, ११४.७४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ८०२ जनसंख्या रहेको छ ।

**स्थानिय सञ्चितकोष** : आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संश्रिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 5858209.00 | १ | चालु खर्च | 284351888.35 | 284351888.35 |
| | क) नगद | 00 | 00 | २ | पूँजीगत खर्च | 178494957.00 | 178494957.00 |
| | ख) बैंक | 5858209.00 | 00 | ३ | वितिय व्यवस्था भुक्तानी | 00 | 00 |
| २ | राजस्व ( आन्तरिक आय) | 00 | 79129153.28 | | क) ऋण भुक्तानी | 00 | 00 |
| | क) आन्तरिक राजस्व | 12213613.47 | 00 | | ख) ब्याज भुक्तानी | 00 | 00 |
| | ख) राजस्व बाँडफाँड | 66915539.81 | 00 | | ग) अन्य भुक्तानी | 00 | 00 |
| | ग) अन्य आय | 00 | 00 | ४ | लगानी | 00 | 00 |
| ३ | वित्तिय हस्तान्तरण संघ | 00 | 378642000.00 | | ऋण लगानी | 00 | 00 |
| | क) वित्तिय समानीकरण अनुदान | 114900000.00 | 00 | | शेयर लगानी | 00 | 00 |
| | ख) सशर्त अनुदान | 254342000.00 | 00 | | अन्य लगानी | 00 | 00 |
| | ग) समपूरक अनुदान | 9400000.00 | 00 | ५ | धरौटी फिर्ता | 1521542.00 | 1521542.00 |
| | घ) विशेष अनुदान | 00 | 00 | ६ | जनश्रमदान फिर्ता | 00 | 00 |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | 00 | 41386000.00 | ७ | कोष फिर्ता | 00 | 00 |
| | क) वित्तिय समानीकरण अनुदान | 4337000.00 | 00 | ८ | मौज्दात | | 11137516.93 |
| | ख) सशर्त अनुदान | 11000000.00 | 00 | | क) बैंक मौज्दात | 11137516.93 | 00 |
| | ग) समपुरक अनुदान | 19049000.00 | 00 | | ख) नगद मौज्दात | 00 | 00 |
| | घ) विशेष अनुदान | 7000000.00 | 00 | ९ | शसर्त अनुदान फिर्ता | 00 | 31954900 |
| | | | | | क) संघिय अनुदान | 26145000.00 | 00 |
| | | | | | ख) प्रदेश अनुदान | 363000.00 | 00 |
| | | | | | ग) सामाजिक सुरक्षा | 923900.00 | 00 |
| | | | | | घ) संघिय समपुरक | 4523000.00 | 00 |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | 00 | 00 | १० | गत बर्षको बढी अल्या | 00 | 00 |
| ६ | अन्य | 00 | 00 | ११ | जनश्रमदान मौज्दात | 00 | 00 |
| | क) क्षेत्रीय शहरी विकास योजना | 00 | 00 | १२ | धरौटी मौज्दात | 2443811.00 | 2443811.00 |
| | ख) सडक बोर्ड नेपाल | 00 | 00 | १३ | कोष खाताको मौज्दात | | 2158585.00 |
| | ग) पर्यटन बोर्ड नेपाल | 00 | 00 | | क) विपद् व्यवस्थापन कोष | 2158585.00 | 00 |
| | घ) एन एन एस डब्लु ए | 00 | 00 | १४ | अन्य व्यय | 00 | 129215035.00 |
| ७ | विभिन्न कोषतर्फको आय | 00 | 17890380.00 | | क) कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम | 3672000.00 | 00 |
| ८ | विपद् व्यवस्थापन कोष | 17890380.00 | 00 | | ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग | 989140.00 | 00 |
| ९ | विषयगत निकायबाट प्राप्त | 00 | 00 | | ग) स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | 1000000.00 | 00 |
| १० | धरौटी आय | 3965353.00 | 3965353.00 | | घ) दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा | 107822100.00 | 00 |
| ११ | लगानीको साँवा फिर्ता | 00 | 00 | | ङ) विपद् व्यवस्थापन | 15731795.00 | 00 |
| १२ | अन्य विविध आय | 00 | 114407140.00 | | | | 00 |
| | क) कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र | 3672000.00 | 00 | | | | 00 |
| | ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग | 989140.00 | 00 | | | | 00 |
| | ग) स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | 1000000.00 | 00 | | | | 00 |
| | घ) दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा | 108746000.00 | 00 | | | | 00 |
| | जम्मा | | 641278235.28 | | जम्मा | | 641278235.28 |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| 1. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात को हिसाव मिलान गरेको छैन।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• आ ब २०७५।७६ को आर्थिक बिबरण अनुसार बैंक मौज्दात रु १७४०२२७।०० रहेकोमा चालु आ ब मा गत वर्षको जिम्मेवारी रु ५८५८२०९।०० उल्लेख भएकोले बढी जिम्मेवारी देखिएको रु ४११७९८२।०० का सम्बन्धमा पालिकाले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| 2. | **बैक हिसाव मिलान नगरेको** : स्थानीय तह सरकार संचालन ऐन, को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोवारकव लेखा महालेखा नियन्त्रक कार्यालयको सीफारिशमा महालेखा परिक्षकबाट स्वीकृत भएको ढाचामा राख्नु पर्ने उल्लेख छ । सो बमोजमि मासकि रुपमा स्रेस्ता र बैक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले संचालन गरेको खाताको बैकहिसा मिलान विवरण तयार गरेको छैन । पालिकाबाट पेश भएको वैक स्टेटमेन्ट अनुसार २०७७ आषाढ मसान्तमा रु.८९८७४२०३ बाँकी रहेको छ आर्थिक विवरण बमोजिम मौज्दात रु.१५७३९९१२ उल्लेख छ । अतः पालिकाले वैक हिसाव मिलान विवरण तयार गरिनु पर्दछ । | |
| 3. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित | |

कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- स्थानियकोष को संचालन, व्यवस्थापन र प्रतिवेदनमा एकरुपता र सुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) को व्यवस्थित तरिकाले प्रयोग गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरीद नियमावलि २०६४ को नियम ७ र ८ खरीद अनुसार गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरीद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान

र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- नापी किताबमा नापी लिनेको नाम, नापी लीएको मिति आदि उल्लेख नर्ने गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.६८९८९८३/-तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

4. **बैंक नगदि किताव र बजेट सिट नराखेको :** पालिकाले कुनै पनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो भौचर अनुसार बैंकनगदि किताव र बजेटसीट राख्नु पर्दछ तर पालिकाले कोष लेखा नियन्त्रक कार्यालयको भुक्तानी आदेश मार्फत खर्च लेखिन बजेट उपशीर्षकहरु राष्ट्रिय परिचयपत्र तथा पंजिकरण, ३१४०१०११३ र ३१४०१०११४, गरिव संग विशेश्वर कार्यक्रम ३३६००१०२३, स्थानीय पूर्वाधार विकास साझेदानरी कार्यक्रम ३६५००१०४३, सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२३ को गोश्वरा भौचर सम्म उठाउने गरेको सोको बैंक नगदिकिताव र बजेटसिट राखे गरेको छैन । अत : पालिकाले कुनैपनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो अनुसार बैंक नगदि किताव र बजेटसिट राख्नु पर्दछ ।

5. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरीद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

**बजेट तथा कार्यक्रम**

6. **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२ करोड.६१ लाख.७७ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम पुजीगततर्फ रु.२ करोड ६१ लाख ७७ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

7. **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त

हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा *प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा* तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

8. **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

9. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

रु.हजारमा

| क.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २८४३५२ | ७६८११ | ८६८५३ | १२०६८८ | ९२९३३ |
| २ | पूँजिगत खर्चतर्फ | १७८४९५ | १०४५२ | ४३५७२ | १२४४७१ | ६८९९४ |
| | जम्मा | ४६२८४७ | ८७२६३ | १३०४२५ | २४५१५९ | १६१९२७ |
| | प्रतिशत | | १८.८५ | २८.१८ | ५२.९७ | ३४.९९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ४६२८४७हजार. निकासा भएकोमा प्रथम चौमासिकमा रु.८७२६३ हजार अर्थात १८.८५ प्रतिशत, दोश्रो चौमासिकमा १३०४२५ हजार अर्थात २८.१८ प्रतिशत र तेश्रो चौमासिकमा रु.२४५१५९, अर्थात ५२.९७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१६१९२७ हजार अर्थात ३४.९९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

10. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु.हजारमा

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ६०८५७ | ३७६९५ | ८.१४ |
| २ | पूर्वाधार विकास | ७३७१८ | ५७७८६ | १२.४८ |
| ३ | सामाजिक विकास | ३५७६३७ | ३०५३१७ | ६५.९६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | बातावरण तथा विकास | ३२५८९ | ३०७७६ | ६.६५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ० | ० | ० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ३४७५४ | ३१२७३ | ६.७६ |
| | जम्मा | ५५९५५१ | ४६२८४७ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा मा सबैभन्दा बढी ६५.६९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा बजेट विनियोजन तथा खर्च गरेको पाईएन।

11. **खर्च बिश्लेषण:** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.१२२१३६१३/- राजश्व वाडफाड र अनुदानबाटरु.४८६९४३५४०/- समेत रु.४९९१५७१५३/- आम्दानी भएकोमा चालु तर्फ रु.२८४३५१८८८/- र पुजीगत तर्फ रु.१७८४९४९५७ समेत रु.४६२८४६८४५/- खर्च भएको छ। खर्च मध्ये आन्तरिकआयको हिस्सा २.६४ प्रतिशत रहेको छ ।यस वर्ष पदाधिकारी मा रु.४७६३२८८/- खर्च भएको छ जुन आन्तरिकआयको ३८.९९ प्रतिशत रहेको छ  पालिकालाई प्रास सवै अनुदान र राजश्व वाडफाडको रकमबाट ५६.९७ प्रतिशत चालु र ३५.७६ प्रतिशत कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा वढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्रास अनुदान र राजश्व वाडफाडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

**संगठन तथा कर्मचारी व्यवस्थापन**

12. **प्रशासकीय संगठन र कर्मचारी** *व्यवस्थापन- स्थानीय सरकार* सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १० जना पदपूर्ती भएको देखिन्छ ।स्वीकृत दरवन्दी बमोजिम कर्मचारी हरुको पदपूर्ति नभई पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

13. **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष विभिन्न कर्मचारीलाई रु. १०१९६०/- अतिरिक्त समयमा काम गरेको भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. १०१९६०

14. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको  देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

15. **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका

| | वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ, रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |
|---|---|---|

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ४ | ५ |

16. **सेवाप्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्रासभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ३१ |
| **पञ्जिकरणतर्फ** | - |
| जन्मदर्ता | १२६५ |
| मृत्युदर्ता | ३०८ |
| बसाईसराई दर्ता | ११६ |
| विवाह दर्ता | ३९४ |
| सम्बन्धविच्छेद दर्ता | १२ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ५०० मी. |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | ५००मी. |
| ग्राभेल सडक मर्मत | २० मी. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

17. **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्रास हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ११२ | २५ | ३८ | २० | १९ | २१४ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष २१४ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ११२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ

**कानून निर्माण एवं कार्यान्वयन**

18. **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४वटा ऐन, १ वटा नियमावली, १५ कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

19. **न्यायीक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको

अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी उजुरी नरहेको र यो बर्ष ६ विवाद दर्ता भएकोमा ६ वटा सम्पुर्ण फछ्र्यौंट भएको देखिन्छ ।

20. **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

21. **आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**पदाधिकारी सुविधा**

22. **पदाधिकारी सुविधा** -लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्विनी प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.११५०८२८/- खर्च लेखेको देखिन्छ ।

| २०७६ श्रावण-भाद्र | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | ३५०००/- | ३००००/- | १९६४१४/- | ९००००/- | २४००००/- | ५७५४१४/- |
| | ३५०००/- | ३००००/- | १९६४१४/- | ९००००/- | २४००००/- | ५७५४१४/- |
| | ७००००/- | ६००००/- | ३९२८२८/- | १८००००/- | ४४८०००/- | ११५०८२८/- |

23. **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्विनि प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम छ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य३० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २६३५० | २७२०० | ४२१६०० | २३२९०० | ७३६८५० | १४४५००० |
| २ | यातायात खर्च | | | २४००० | ११८००० | २१०००० | ३५२००० |
| ३ | टेलिफोन,मोबाइल | ८००० | ८००० | ५४००० | ४२००० | १५०००० | २६२००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | १०००० | १०००० | ७२००० | ४६००० | १२०००० | २५८००० |
| ५ | समन्वय तथा सहजीकरण | २६००० | १६००० | १२६००० | ७८००० | १८०००० | ४२६००० |
| ६ | अतिथि सत्कार | १४००० | १२००० | १०८००० | २४००० | - | १५८००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | १०००० | १०००० | ९०००० | २०००० | - | १३०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १०८००० | ७४००० | २४०००० | ४५२००० |
| ९ | मर्मत | १०००० | १०००० | ९०००० | २०००० | | १३०००० |
| | | | | | | जम्मा | ३६१३००० |

२३.१ **निर्बत्तीभरणलाइ सुबिधा भुक्तानी** स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धित कानूनमा संसोधन गर्न बनेको विधेयक २०७६ को दफा नं.३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचीत भई काम कारवाही शुरु गरेको र मासिक सुविधा र पारिश्रमिक नलिएको पदाधिकारी वा सदस्यले सो सुविधा नलिएको मिति देखि स्थानीयतहको आन्तरिक श्रोत समेतको आधारमा यस ऐनमा उल्लेख भएको सुविधा पाउने छ भन्ने उल्लेख भएको र पालिकाबाट प्राप्त बिबरण अनुसार देहायमा उल्लेखित निवृत्तभरण पाइरहेका २ जनाले २०७६ श्रावण र भादौको रु.४२८२८/- र असोज कार्तिक चाडपर्व वापत ५ जनाको रु.३१८०००/- भुक्तानी लिएको देखिन्छ । तसर्थ ऐनमा दोहोरो सुविधा लिन पाउने वा नपाउने सम्बन्धमा स्पष्ट व्यवस्था भएको देखिएन ।

| | चाडपर्व समेत | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पदाधिकारी को नाम थर | असौज | कार्तिक | चाडपर्व | जम्मा | साउन | भदौ | जम्मा |
| वडा नं.४ ओम ब.के.सि | ३०००० | ३०००० | १२००० | ७२००० | १२७१४ | १२७१४ | २५४२८ |
| वडा नं. ९ नरेनराज खरेल | ४४०० ० | ४२००० | १२००० | ९८००० | ८७०० | ८७०० | १७४०० |
| विषय गत संयोजक हरी प्र.छन्तेल | ४४०० ० | ३२००० | १२००० | ८८००० | - | - | - |
| वडा सदस्य चुरा ब.पछाई | ११०० ० | ११००० | ८००० | ३०००० | - | - | - |
| वडा सदस्य मान ब.पच्चा | ११०० ० | ११००० | ८००० | ३०००० | - | - | - |
| | | जम्मा | | ३१८००० | | | ४२८२८ |

24. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.११८५०००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## अनुदान फिर्ता, वितरण र उपयोग

25. **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.३३००९७१८/-मध्ये ०७७/०७८ को श्रावण महिनामा रु.३१९५४९००/- फिर्ता गरेको हुदा खर्च नभइ बाँकि रकम रु १०५५४७१।०० फिर्ता हुनुपर्ने रु १०५५४७१

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २५४३४२००० | २२८१५१५५२।१५ | २६१९०४४७/८५ |
| | विषेश | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| | समपुरक | ९४००००० | ४८७६४२९ | ४५२३५७१ |
| | सामाजिक सुरक्षा | १०८७४६००० | १०७८२२१०० | ९२३९०० |
| प्रदेश सरकार | शसर्त | ११०००००० | १०६३६९१८ | ३६३०८२ |
| | विषेश | ७०००००० | ७०००००० | ० |
| | समपुरक | १९०४९००० | १८०३९६२९ | १००९३७१ |
| | जम्मा | ४०९५३७००० | ३७६५२६३२८।१५ | ३३०१०३७१।८५ |
| | फिर्ता | | | ३१९५४९०० |
| | बाँकी | | | १०५५४७१।८५ |

26. **ठेक्का व्यवस्थापनः** सार्वजनिक खरीद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरीद व्यवस्थापनका लागि सोझै खरीद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । (रु.हजारमा)

| कुल निर्माण खर्च | सोझै खरीद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ३३७७६ | | | ६ | ४९७६ | ५ | २८८०० | | |

27. **बार्षिक खरीद योजना/गुरुयोजना** : सार्वजनिक खरीद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिमको खरीद गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरीद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरीद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७,८४,९४,९७५/- पूँजीगत खर्च/खरीद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरीद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरीद योजना र गुरुयोजना नबनाई खरीद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरीद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरीद कार्य गर्नुपर्दछ ।

28. **सवारीसाधन खरीद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरीद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरीद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरीदमा रु.४९८८००/- बजेटबाट खर्च गरेको छ ।

| गो.भौ.नं.मिति | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| ४९-०७६/११/३ | मोटरसाइकल | २ | ४९८८००/- |
| | जम्मा | | ४९८८००/- |

## कर दस्तुर एवं आन्तरिक आय

29. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३३०००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.३२६९८९५/८४ अर्थात अनुमान भन्दा ०.९१ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

30. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था

रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३००००००/- | ३९३९२४०/४५ | १०४ |
| घरजग्गा वहाल कर | ३०००००/- | १३०६५४/२९ | ४३.५५ |
| | | | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

31. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायिबाट रु.५२२७२५/- असुल गर्ने बाँकी रहेको छ ।

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | समशा कन्ट्रक्सन | इन्द्र गौडा वालुवा | २०२५५००/ | १८११३७५/ | २१४१२५/ |
| २ | एच.टि.नी.सेवा | भुवाचिडी वालुवा | २३६०६००/- | २०५२०००/ | ३०८६००/ |
| | जम्मा | | ४३८६१००/- | ३८६३३७५/- | ५२२७२५/- |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्रासीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. ५२२७२५

32. **स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

33. **गिट्टी, ढुंगा, बालुवाको कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ। यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

34. **राजश्व अभिलेख** : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न

| | | |
|---|---|---|
| | सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| 35. | **राजश्व दाखिला** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा र पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| 36. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| 37. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२३(१) मा खरीद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| 38. | **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| 39. | **हेभी इक्विपमेण्टको प्रयोग** –सार्वजनिक खरिद नियमावली,२०६४को नियम९७(९) मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्यूटर, विटुमिन व्याइलर जस्ता हेभि मेशिन प्रयोग गर्न नपाईने, तर लागत अनुमान तयार गर्दको समयमा हेभी मेशिन पर्योग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको र सम्बन्धित प्राविधिको सीफारिसमा सार्वजनिक निकायबाट सहभती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । गाउपालिका द्वारा उपभोक्ता समिति मार्फत सडक निर्माण तथा मर्मत सुधार सम्बन्धि काममा तपसिल अनुसार देखिन आएको छ ।<br>(क) लेखापरीक्षणका समयमा पेश भएका ड्राइङ,डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभि मेशिन पर्योग गर्नु | |

पर्ने जटिल प्रकृतिको कार्य हो भनि खुल्ने आधार/प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिक वाट त्यस सम्बन्धि सीफारिश भएको देखिएन ।

(ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्रही समुदायलाई कार्य गराउनको लागी पुर्वशर्तको रुपमा राखेको दिगोपनाको अभिवृद्धिल विकास कार्यक्रमको बातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेश गर्ने सैद्धान्तिक परिवेशमा उपरोक्त अनुसार भारी उपकरण प्रयोगको अनुपाल बढ्दै जादा समग्र प्रकृतिक वातावरण क्षति हुने जोखिम देखिन आउछ । अर्को तर्फ सोहि दफाले परिकल्पना गरेको रोजगारी श्रृजना सम्बन्धि अवधारणा पनि संकट परेको देखियो ।

(ग) सार्वजनिक खरिद नियमावली, ०२६४ को नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुने निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकने छैन भनि स्पष्ट उल्लेख छ । त्यस्तै नियम ९७ (१३क) मा उपभोक्ता समिति वा लाभग्रही समुदायले प्राप्त गरेको कुनै कममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै कामगर्न नदिने अभलेख राखी सो काम गर्ने निर्माण व्यावसायिलाई कालो सूचीमा राख्न सार्वजनिक रखिद अनुगमन कार्यालयमा सिफारीस गर्नु पर्ने स्पष्ट व्यवस्था छ । पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भर्पाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन पर्योग गर्ने कार्य लागन अनुमान तयार गरेको र उपभोक्ता समितिले निर्माण व्यावासयी मार्फत काम गराएको देखियो ।उपभोक्ता समितिले स्थानीय श्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यावसयीबाट काम गराउदा परोक्ष्य रुपमा ठेक्कापट्टा भएको स्थिति छ । यसमा नियन्त्रण हुनुपर्छ ।उपभोक्ता समितिले निर्माण कार्यको सम्झौता गरी निम्न निर्माण व्यवसायीबाट काम गराएको छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | खर्च रकम | निर्माण व्यवसायीको नाम | विल रकम |
|---|---|---|---|---|
| १९-०७६/८/१५ | निस्ति ठूलाचौर मैदान तोलादी सेर्दा मोटर बाटो उ.स | ७५००००० | सुर्योदय कन्स्ट्रकसन | ७४९५४५७ |
| ८०-०७६/१२/३ | लल्लो फाट आपचौर खर्वाड मो.वा.योजना उ.स | १४५५००० | वडी गार्ड कन्स्ट्रकसन प्रली<br>विदुशा कन्सट्रक्सन प्रा.लि | ९१३०४<br>१५९५३६७ |
| | | | जम्मा | १६८६६७१ |
| ८४-०७६/१२/७ | तामी खुलाखर्क दासिकोट अर्लाङकोट दहल्का मोटरबाटो स्तोन्नति उ.स | १४५५००० | वालासिद्ध कन्स्ट्रक्सन प्रा.ल | १५१४४२० |
| ८८-०७७/१/७ | भुवाचिदि चिदिपानी गुधारा गर्जाङ मालारानी मो.वा.उ.स | १६३२३१६ | आकृति मालिका कन्स्ट्रकसन<br>गौतम निर्माण सेवा | १३८५८३२<br>३७८५५१ |
| | | | जम्मा | १७६४३८३ |
| ११२-०७७/२/१३ | वडा नं ७ का फुटकर योजना उ.स | ९७०००० | नेपाल ढोरपाटन कन्स्ट्रकसन प्रा.लि | ४२१६०३ |
| १३९-०७७/३/१२ | वडा स्तरिय मो.वा.मर्मत सुधार उ.स | ११६४००० | वडिगार्ड कन्सट्रक्सन प्रा.लि<br>नाइजल निर्माण सेवा प्रा.लि | ७२९९८०<br>३००५८० |
| | | | जम्मा | १०३०५६० |
| १८३-०७७/३/२९ | मालचरी छाप दजाकोट गजुडा पाइ डाडा फेदि मो.वा.उ.स | १३५४२११ | स्टार शाइन कन्ट्रक्सन<br>सुर्योदय कन्सट्रकसन<br>भुषाल कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि | ९९०९९९<br>९७९९९<br>२६१०३० |
| | | | जम्मा | १३५००२० |
| १५-०७६/७/२८ | वर्षे मोटरबाटो सफाइ उ.स | २२६००० | चण्डेश्वरी हेभि इक्युपमेन्ट निर्माण सेवा | २२६००० |
| २७-०७६/९/३ | वाङ्गे मुले मो.वा.उ.स | ६०६२५० | चण्डेश्वरी हेभि इक्युपमेन्ट निर्माण सेवा | ६०६२४९ |

| | | | | |
|---|---|---|---|---|
| ३२-०७५/९/१४ | मोटरबाटो मर्मत तथा सरसफाई उ.स | ६७८००० | वडिगार्ड कन्स्ट्रक्सन प्रा.लि | २८९२८० |
| | | | लेवल अप कन्ट्रक्सन सप्लायर्स | ३८८७२० |
| | | | जम्मा | ६७८००० |
| ३४-०७६/९/१४ | मुसिकोट न.पा.वडा नं.४ का मोटरबाटो सफाइ समित | २२६००० | सुर्योदय कन्स्ट्रकसन | २२६००० |
| ४१-०७६/९/२३ | वद स्तरिय मो.बाटो संम्हार उ.स. ६ | २२६००० | नाइजल निर्माण सेवा प्रा.ल | २२६००० |
| ५१-०७६/११/५ | वडा स्तरिय मो.बाटो मर्मत सुधार उ.स.३ | २२६००० | सुर्योदय कन्स्ट्रकसन | २२६००० |
| ५२-०७६/११/५ | वडा स्तरिय मो.बाटो मर्मत उ.स.५ | २२६००० | वडी गार्ड कन्स्ट्रकसन प्रा.लि | २२६००० |
| ५७-०७६/११/५ | वडा स्तरिय मो.वा.मर्मत तथा सरसफाइ उ.स. २ | २२६००० | वडी गार्ड कन्स्ट्रक्सन प्रा.लि | २२६००० |
| ७२-०७७/११/१९ | गरेंगौडा अमरजा मुरले वागे मो.वा.योजना उ.स | ३८८००० | सुर्योदया कन्स्ट्रकसन | ४०४७६६ |
| ७३-०७७/११/९ | बजेनी धैयारी मो.वा.उ.स | १९४००० | लेवल अप कन्स्ट्रकसन एण्ड सप्लायर्स | २०९०५० |
| ७४-०७६/११/१९ | निस्ति दलुङ देउरालि मो.बा.उ.स-२ | २९१००० | सुमन्ता चुडाली कन्स्ट्रकसन प्रा.लि | ३०५१०० |
| ७५-०७६/११/१९ | देउरालि भर्जुवा लग्गुङ मव.वा स्तरोन्नति उ.स | ९७००० | समन्ता चुडली कन्सट्रक्सन प्रा.लि | १०१७०० |
| ७६-०७६/१२/२ | सेती पोखरि न्वारधारा मो.वा.उ.स | २९१००० | चण्डेश्वरी हेभि इक्युपमेन्टिनिर्माण सेवा | ३०५१०० |
| ८१-०७६/१२/५ | हलोगाडे डाडाथोक पाउखोला मो.वा.उ.स | ४८५००० | स्टार वसाइन प्रा.लि | ५०५३११ |
| ९०-०७७/१/९ | दजाकोट छाप माझगाउ मो.वा.उ.स | ३८८००० | स्टारसाइन प्रा.लि | ४०५६७० |
| ९३-०७७/१/१९ | वामी टक्सार अर्लाडकोट कोडवास गल्कोट मो.वा.योजना उ.स. | ७९०५५० | लेभल अप कन्स्ट्रक्सन सप्लायर्स | ७७२९२० |
| १२६-०७७/२/२५ | मैदान हुन्द्रुङकोट पुराना गाउ मालारानी उ.स | ४८५००० | लेभल अप कन्स्ट्रक्सन सप्लायर्स | ५०९१६५ |
| १३८-०७७/३/१२ | साना सडक मर्मत उ.स.७ | ६५४७५० | लेभल अप कन्स्ट्रक्सन सप्लायर्स | १५००६४ |
| | | | नेपाल ढोरपाटन कन्स्ट्रक्सन | ५५१३२७ |
| | | | जम्मा | ७०१३९१ |
| १४३-०७७/३/१४ | कमेरे खाल्टपानी थाम्ले हिले मो.वा.उ.स | ३८८००० | वालसिद्ध कन्स्द्रक्सन प्रा.लि | ४४८६१० |
| १६६-०७७/३/२३ | अमिला झेदि दहल्का तिलार मो.वा.उ.स | २९१००० | वडिगाई कन्स्ट्रक्सन प्रा.लि | २२१४८० |
| | | | नायजल निर्माण सेवा .प्रा.लि. | ७००६० |
| | | | जम्मा | २९१५४० |
| १६८-०७७/३/२३ | लिप्लिङ टोडके मै.वा.उ.स-८ | १९४००० | वडिगाई कन्सट्रक्सन | १८९३८८ |
| १७२-०७७/३/२३ | हाँस पोखरी वेलघारी विसोना मो.वा.उ.स.६ | ३८८००० | नाइजल निर्माण सेवा प्रा.लि | ४०३६३६ |
| १७३-०७७/३/२३ | लाकुरी विसौना यम्पुङ बगाहा मो.वा.उ.स. | ३८८००० | चण्डेश्वरी हेभि इक्युपमेन्टनिर्माणसेवा | ४०५१०५ |
| १७५-०७७/३/२३ | कल्लेरी मो.वा.उ.स | १९४००० | गौतम निर्माण सेवा | १९४३६० |
| १७६- | रङनाम तुलेपोखरा मैदान मो.वा.उ.स. | ४८५००० | संजित रञ्जन कन्स्ट्रक्सन | ४४०७०० |

| | | | | |
|---|---|---|---|---|
| ०७७/३/२३ | | | प्रा.लि | |
| १९८-०७७/३/३० | दोवाटो भण्डारखोला मोटरवाटो उ.स | २९१००० | न्यू लिजा निर्माण सेवा | २९८३२० |
| २५५-०७७/३/३१ | मैदान लम्तरी पालेपानी मोटरवाटव उ.स.८ | १९४००० | वर्डीगार्ड कन्स्ट्रक्सन<br>ओयसिस कन्सट्रक्सन क.प्रा.लि. | १६९५००<br>३९७७६२ |
| | | | जम्मा | २०९२७६२ |

40\. **जनश्रमदान** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु. १६९९५३

| गोभौनं./मिति | उपभोक्ता समिति को नाम | सम्झौता रकम | पालिका ले व्यहोर्ने रकम | कार्यसम्पान्न रकम | पालिकाले व्यहोरेको रकम | आनुपातलिक रुपले व्यहोर्नुपर्ने रकम | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| १०८-०७७/२/३०<br>२०५-०७७/३/३० | आम डाडा दाहाचौर दिगाम चौर खा.पा.योजना उ.स | ७७६९१७० | ५३५२१८२ | ६८८२८६१ | ४८१८००३ | ४७४१६०४ | ७६३९९ |
| १२८-०७७/२/२५ | नरखोला लालाडगी दजाकोट लिफट खा.पा.योजना | ५७६२८२९ | ४००८०४८ | ४०२५८२४ | २८१८०७७ | २७९९९६१ | १८११६ |
| १८३-०७७/३/२९ | मालाचिदि छाप दाजाकोट | १५१३४०४ | १४५५००० | १३४९३५० | १३५४२२१ | १२९७२७७ | ५६९४४ |
| १४३-०७७/३/१४ | कमेरे खाल्लिपानी थाप्ले हिले मो.वा.उ.स | ४०४५६१ | ३८८००० | ३८५२७८ | ३८८००० | ३६९५०६ | १८४९४ |
| | | | जम्मा | | | | १६९९५३ |

41\. **उपभोक्ता समितिलाई मू.अ.कर :** सार्वजनकि खरीद नियमावली २०६४ को नियम ९७ (४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सि तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमका उपभोक्ता समितिले गरेको सडक मर्मत कार्यमा १३% मूल्य अभिवृद्धि कर जोडेर लागत अनुमान बनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.(लागत अनुमानमा जनसहभागित पनि उल्लेख नगरी भुक्तानी गर्दा सोहि अनुसार पुरै रकम खर्च लेखेको देखिएकोले लागत सहभागिताको रकम समेत हिसाव गरि सम्बन्धित प्राविधिक समेत जिम्मेवार बनाई असूल हुनपर्ने रु ३०३७३९

| गो.भौ.नं. मिति | उपभोक्ता समितिको नाम | मू.अ.कर समेत लागत अनुमान रकम | मू.अ.कर समेत भुक्तानि रकम | भुक्तानि मध्ये १३% मू.अ.कर रकम |
|---|---|---|---|---|
| १५-०७६/७/२८ | वर्षे मोटर बाटो सफाइ उ.स.न.पा | २२६००० | २२६००० | २६००० |
| ३२-०७६/९/१४ | मोटर बाटो मर्मत तथा सरसफाइ उ.स वडा नं.७८९ | ६७८००० | ६७८००० | ७८००० |
| २७-०७६/९/३ | वाङ्ग्रे मुरले मो.वा.योजना उ.स | ६३०७७० | ६०६२५० | ६९७४४ |
| ३४-०७६/९/१४ | मुसिकोट न.पा.वडा ४ को मोटरबाटो | २२८२६० | २२६००० | २६००० |
| ४१-०७६/९/२३ | वडा स्तरिय मो.वा.सम्हार उ.स-६ | २२६००० | २२६००० | २६००० |
| ५१-०७६/११/५ | वडा स्तरिय मो.वा.सम्हार उ.स-३ | २२६००० | २२६००० | २६००० |
| ५२-०७६/११/५ | वडा स्तरिय मो.वा.सम्हार उ.स-५ | २२६००० | २२५९५४ | २५९९४ |

| | | | | |
|---|---|---|---|---|
| ५७-०७६/११/५ | वडा स्तरिय मो.वा.सम्हार उ.स-२ | २२६००० | २२६००० | २६००० |
| | | | जम्मा | ३०३७३९ |

42. **<u>निस्ति ठुला चौर मैदान तोलादि झेरी सडक</u>**

**१९-०७६/८/१५** निस्ति ठुला चौर मैदान तोलादि भेरी मोटर वाटो उ.स.संग निर्माय कार्यको लागत अनुमान रु.७५७११६९/- मा श्रमदान रु.७५७१२/-पालिकाले रु.७४९५४५७/- व्यहोर्ने गरी मिति २०७६/१०/२८ मा सम्झौता भएको उक्त सम्झौता अनुसार ०७६/१२/२६ मा सम्पन्न गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समितिले गत आ.व. मा सम्पन्न गरी प्रविधिक मूल्याङकन रु.७५७१२४५/- गरि तथ वर्षको गोश्वरा भौचर नं. २८४-०७६/३/३१ बाट रु.३५०००००/-र यस वर्ष रु.४००००००/- गरि रु.७५०००००/- भुक्तानी लिएको सम्बन्धमा निम्न व्यहोरा देखियो ।

(क) आर्थिक कार्यविधि नियमावली २०६४को नियम ४०(७) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय बाट श्रावण १५ गते भित्र भुक्तानी दिन बाँकि को विवरण प्रमाणित गराइ राखु पर्ने व्यवस्था अनुसार भुक्तानी दिन वाकीको प्रमाणीत कागजात वेगर खर्च लेखेको रु ... ४००००००

(ख) आयकर ऐन २०५८को दफा ८९(३क)अनुसार१.५ प्रतिशत ले अग्रिम आयकर रु.११२५००/- कट्टा गर्नु पर्नेमा रु.९९४९७ मात्र कट्टा गरेकोले उपभोक्ता संग असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.. १३००३

(ग) सम्झौता अनुसार रु.७४९५४५७/- मात्र पालिकाले व्यहोर्नु पर्नेमा रु.७५०००००/- खर्च लेखेकोले बढी भुक्तानी असुल हुनपर्ने रु.. ४५४३

(घ)सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सि तथा जन सहभागिता रकम घटाइ वाकी रकम भुक्तानि गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता पेश गरेको विल अनुसार निम्न वमोजिम मू.अ.कर र जनश्रमदान कट्टा गरी रु.६६३३१४८/- मात्र भुक्तानी दिनुपर्नेमा रु.७५०००००/- भुक्तानी दिएको हुदा बढी भुक्तानी भएको रु.८६६८५२/- मध्ये सम्झौता भन्दा बढी भुक्तानी रेको रु.४५४३/- कट्टा गरी (माथि उल्लेख भैसकेकोले) असुल गर्नु पर्ने रु. ८६२३०९

**<u>बिबरण</u>**

सुर्योदय कन्स्ट्रक्सन मू.अ.कर रु.८६२३०९/- समेत रु.७४९५४५७

डोर हाजिर फारम जन श्रमदान रु.७६०००

जम्मा: रु.७५७१४५७

कट्टा गर्नुपर्ने श्रमदान रु.७६०००

मूल्य अभिवृद्धि कर रु.८६२३०९

भुक्तानी गर्नुपर्ने रकम ६६३३१४८

43. **आम डाडा दाहाचौर खानेपानी तथा सरसफाइ आयोजना:** गो.भौ.नं १०८-०७७/२/३० आम डाडाचौर खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिसंग कन्टिन्जेन्सि रु.२८७४५९/- समेत जम्मा लागत अनुमान रु.८०५६६३०/- मा जनसहभागिता ३०% ले रु.२४१६९८९/- र पालिकाले ७०% ले रु.५६३९६४१/- व्यहोर्ने गरी लागत अनुमान तयार गरी मिति ०७६/७/१९ मा सम्झौता भए अनुसार कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन रु.६८८२८६१/- तयार गरी जनसहभागिता रु.२०६४८५८/- कन्टिन्जेन्सि रु.७५३२३/- कट्टा गरी रु.४७४२६८०/- भुक्तानी गरिएको सम्बन्धमा निम्न व्यहोरा देखियो ।

(क) उपभोक्ता समितिसंग भएको सम्झौता तथा लागत अनुमानमा समावेश नभएको आइटम निजि धारा जडान १ मा रु.४४८३७५/- थप गरि प्राविधिक मूल्याङ्कन गरिएको छ अतः लागत अनुमान र सम्झौतामा नभएको आइटम भुक्तानी दिन नमिल्ने हुदा पालिकाले व्यहोरिएको ७०% रकम असुल हुनपर्ने रु ३१३८६२

(ख) लागत अनुमान अनुसार निम्न वमोजिम रु.७७६९१७०/- रहेकोमा उपभोक्ता समितिबाट सामान खरीद घटि गरिएको देखिन्छ सामान खरीद गर्दा कम मूल्यमा प्राप्त भएको रकम रु.४५०१४५/- पालिकाले फिर्ता प्राप्त गर्नु पर्दछ ।

| | लागत अनुमान अनुसा | पेश गरिएको भरपाई | बचत |
|---|---|---|---|
| सामान खरीद मा | २८२४३५४ | २३७४२०९ | ४५०१४५ |
| दक्ष अदक्ष ज्याला | ४८२९६८३ | ४५२०६०० | ३०९०८३ |
| ढुवानी | १०९१३३ | १६८००० | ५८८६७ |
| अन्य | ६००० | ६००० | |
| | ७७६९१७० | ७०६८८०२ | |

(घ) सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई व्यवस्थापन खर्च दिन सकिने व्यवस्था छैन अतः प्राविधिक मूल्याङ्कनमा व्यवस्थापन खर्च रु.४५४४०/- समावेश गरिएकोले सम्झौता अनुसार पालिकाले व्यहोरिएको ७०% ले असूल हुनुपर्छ रु. ३१८०८

44. भाराहा चौर चुदारिगाउ जलजले खानेपानी

गो.भौ.नं.०७७/३/३० भाहारा चौर चुदरीगाउ जलजले खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिसंग कन्टिन्जेन्सी र.२६३५५७/७० समेत जम्मा लागत अनुमान रु.७३८६६५४/- मा जनसहभागिता ३०% ले रु.२२१५९९६/- र पालिकाले ७०% ले रु .५१७०६५८/- व्यहोर्ने गरी लागत अनुमान तयार भएकोमा मिति २०७६/७/८ मा सम्झौता गर्दा कन्टेन्जेन्सि रु.१५५११९/७४ मात्र उल्लेख गरी जम्मा रु.७३८६६५४/- मा उपभोक्ता समितिले रु.२२१५९९६/- र पालिकाले रु.५१७०६५८/- व्यहोर्ने गरी सम्झौता भए अनुसार काम सम्पन्न गरी प्राविधिक मुल्याङ्कन रु.६९२०८९०/-तयार गरी जनसहभागिता रु.२०७६२६७/- कन्टिन्जेन्सि रु.८२४३४/- कट्टा गरी रु.४७६२१८९/- भुक्तानी गरिएको सम्बन्धमा निम्न व्यहोरा देखियो ।

(क) लागत अनुमान तयार गर्दा कन्टिजेन्सि रु.२६३५५४/- उल्लेख गरिएको तर उपभोक्ता समिति संग सम्झौता गर्दा रु.१५५११९/७४ मात्र उल्लेख गरिएको देखियो । अतः उपभोक्ता समितिलाई बढी भुक्तानी हुने गरि सम्झौता गरेको देखियो ।

(ख) प्राविधिक मूल्याङ्कनमा जम्मा रकम रु.६७३२५६०/- मात्र हुनेमा जोड जम्मा फरक पारी रु.६९२०८९०/- भएको देखिएकोबाट सम्बन्धित प्राविधिकलाई जिम्मेवारी वनाइ फरक रु.१८८३३०/- मा सम्झौता अनुसारको अनुपातिक हिसावमा पालिकाबाट व्यहोरिएको (७०% ले ) असूल हुनुपर्ने रु. १३१८३१

(ग) उपभोक्ता समितिसंग भएको संम्झौता तथा लागत अनुमानमा समावेश नभएको आइटम निजि धाराजडान (अन्य संरचना ) उल्लेख गरी रु.४३७४१६/- थप गरिएको अवस्था छ । लागत अनुमान तथा सम्झौतामा उल्लेख नभएको आइटम भुक्तानी दिन मिल्ने देखिदैन । अतः अनुपातिक हिसावले पालिकाले ब्यहोरेको रकम असूल हुनुपर्ने रु ३०६१९१

(घ) लागत अनुमान अनुसार निम्न बमोजिम रु.७१२३०९३/- रहेकोमा उपभोक्ता समितिबाट सामान खरीद मा घटि गरिएको र डोर हाजिर फाराममा बढि देखाई विल भर्पाइ पेश भएको देखिन्छ । सामान खरीद गर्दा कम मूल्यमा प्राप्त भएको रकम डोर हाजिरबाट हिसाव मिलान हुने गरिएको देखियो । अतः लागत अनुमान मा उल्लेख भएको रकम भन्दा घटिमा प्राप्त भै वचत भएको रकम रु.५२१५२७/- पालिकाले फिर्ता गर्नुपर्छ ।

| | लागत अनुमान अनुसार | पेश गरिएको विल भर्पाइ | फरक |
|---|---|---|---|
| समान खरीदमा | ३२८२४१४ | २७६०८८७ | ५२१५२७ वचत |
| दक्ष अदक्ष ज्याला | ३७२७१६५ | ४४१९८०० | ६९२६२५ बढी खर्च |
| सामास ढुवानी | १०७५०४ | २२८१०० | १२०५९६ बढी खर्च |
| अन्य | ६००० | १०००० | ४०००बढी खर्च |

(ङ सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई व्यवस्थापन खर्च दिन सकिने व्यवस्था छैन अतः प्राविधिक मूल्याङ्कनमा व्यवस्थापन खर्च रु. ४५४४०/-समावेश गरिएकोले सम्झौता अनुसार पालिकाले व्यहोरिएको ७०% ले असुल हुनपर्ने रु. ३१८०८

45. सर्पाङ गुर्जाङ गुन्धारा चित्तपानी खा.पा.आयोजनाःगो.भौ.नं.१०९-०७७/२/१३ र गो.भौ.नं. २०१-०७७/३/३० सर्पाङ गुर्जाङ गुन्धारा चित्त पानी खा.पा आयोजना उपभोक्ता समिति संग कन्टिन्जेन्सि २६०७८९/- समेत जम्मा लागत अनुमान रु.७३०९१४४/८५ मा जनसहभागिता ३०% ले रु.२१९२७४३/- र पालिकाले ७०%

रु.५११६४०१/- व्यहरोर्ने गरी लागत अनुमान तयार गरी मिति ०७६/७/२८ मा सम्झौता भए अनुसार कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन रु.६३७५९६५/- मा जनसहभागिता रु.१९१२७९०/- र कन्टिन्जेन्सि रु.५२३५२/- कट्टा रु.४४१०८३२/- भुक्तानी गरिएको सम्बन्धमा निम्न व्यहोरा देखियो ।

(क) प्राविधिक मूल्याङ्कन मा जमा रु.६१९९३७२/- मात्र हुनेमा जोड जम्मा फरक पारी रु.६३७५९६५/- गरेको देखिए बाट सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई फरक रु.१७६५९३/- मा सम्झौता अनुसारको अनुपातिक हिसावमा पालिकाबाट व्यहोरिएको (७०% ले ) असूल हुनुपर्ने रु.. १२३६१५

(ख) लागत अनुमान अनुसार निम्न वमोजिम रु.७०४८३५५/- रहेकोमा उपभोक्ता समितिबाट सामान खरीदमा घटि गरिएको र डोर हाजिर फारममा बढी देखाई विल भर्पाइ पेश भएको देखिन्छ । सामान खरीद गर्दा कम मुल्यमा प्राप्त भएको रकम डोर हाजिर फारम बाट हिसाव मिलान हुने गरी विल भर्पाइ पेश गरेको देखियो अतः लागत अनुमानमा उल्लेख भएको रकम भन्दा घटि मा प्राप्त भै वचत भएको रकम रु.८७३०२३/- पालिकाले फिर्ता गर्नु पर्दछ ।

| | लागत अनुमान अनुसार | पेश गरिएको विल भर्पाइ | फरक |
|---|---|---|---|
| समान खरीदमा | ३८९५९९८ | ३०२२९७५ | ८७३०२३ वचत |
| दक्ष अदक्ष ज्याला | ३००७११८ | ५२९५३५० | २२८८२३२ बढी खर्च |
| सामास ढुवानी | १०९२३७ | १२५००० | १५७६३ बढी खर्च |
| अन्य | ६००० | ६००० | |
| | ७०४८३५५ | ८४४९३२५ | |

(ग) सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई व्यवस्थापन खर्च दिन सकिने व्यवस्था छैन अतः प्राविधिक मूल्याङ्कनमा व्यवस्थापन खर्च २८५००/- समावेश गरिएकोले सम्झौता अनुसार पालिकाले व्यहोरिएकव ७०% ले असुल हुनुपर्ने रु. १९९५०

46. **लेन्थ वर्कर सम्बन्धमाः** सार्जवनिक खरीद ऐन २०६३को दफा ५ मा कुनै पनि खरीद गर्न लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै दफा ४५ मा समान्य प्रकृतिको मर्मत सम्हार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट काम गर्न वा उपभोक्ता समितिबाट काम गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत काम गराउने व्यवस्था छ । पालिकाले सानातिना सडक मर्मत सुधारका कामहरु समेत उपभोक्ता समितिलाई गराउन सम्झौता गरिएको अवस्थामा उक्त काम निर्माण व्यावसायी द्वारा राइएको अवस्था छ । पालिकाले आफ्नो सिमा क्षेत्रका बाटाघाटाहरुको नामाङ्करण गरी के कति कस्तो अवस्थामा रहेको छ । सो को तथ्याङ्क समेत नरहेको अवस्थामा लेन्थ वर्कर राखि खर्च गर्नु उचित देखिएन यस सम्बन्धमा ध्यान दिनुपर्छ । यस वर्ष लेन्थ बर्करमा रु.४९९८२१०/- खर्च भएको छ । पालकाले लेन्थ वर्करबाट के कति कार्य भएको छ सो को मूल्याङ्कन समेत राखेको छैन अतः यो खर्च पालिकाको लागि आर्थिक वोझ मात्र हुने भएकोले यस मा ध्यान जानु पर्दछ ।

| गो.भौ.नं. मिति | विवरण | खर्च |
|---|---|---|
| २-०७६/६/१२ | आषाढ ८९ जना ०७६ | ११८१७११ |
| ३-०७६/६/१२ | श्रवाण ९८ | १३१४०६२ |
| ४-०७६/६/१२ | भाद्र ९८ | १२९३४६० |
| १४-०७६/६/२५ | आश्विन ९६ | १२०५९७७ |
| | जम्मा | ४९९८२१० |

47. **कार्य सम्पादन जमानत घटिराखेकोः** सार्वजनिक खरीद ऐन २०६३को दफा २७(४) मा छनोट भएका बोलपत्रदाताले लागत अनुमान भन्दा १५% सम्म कम कवोल गरेमा कवोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कवोल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटि कवोल गरेको छ सो को ५०% प्रतिशत हुन आउने रकम कवोल अंकको ५% थप गरि कार्य सम्पादन जमानत वापत दाखिला गर्नुपर्ने उल्लेख छ । तर निम्न निर्माण व्यावसायीले यस ऐनमा व्यवस्था भए अनुसार कार्य सम्पादन जमानत घटि दाखिला भएकोले घटि जमानत रकम थप गराउनु पर्ने देखिएको छ ।

| निर्माण व्यवसायीको नाम | कामको विवरण | लागत अनुमान | सम्झौता अंक | जमानत राख्नुपर्ने | राखेको | घटि रकम |
|---|---|---|---|---|---|---|
| सिद्धार्थ हार्डवएर | जस्ता पाता खरीद | १९९९९५८१ | १६०७९३८५ | १२६४०९८ | ८०४००० | ४६००९८ |
| राजेश्वरी कन्सट्रक्सन | ग्वादिका चौर खेल मैदान | १४७७७९९९ | ९८३०४०८ | १८५६९६८ | ४९२००० | १३६४९६८ |

48. **मालिका मन्दिर निर्माण कार्यः** निर्माण व्यावसायी आकृति मालिका कन्स्ट्रक्सन संग मालिक मंदिर निर्माण कार्यका लागी ट्वाइलेट, वाटो पेभिङ, माटो कटिङ, आर.सि.सि. पर्खाल, मेशिनरी वालको कूल लागत अनुमान मू.अ.कर समेत १०७६६२२७/- मा बोलपत्र प्रक्रियाबाट मिति ०७७/१/१९ भित्र सम्पन्न गर्नुपर्ने गरि मिति २०७६/२/२० मा रु.९७९५२६१/-(मू.अ.कर समेत) को ठेक्का सम्झौता भई प्रथम तथा अन्तिम रनिङ विल रु.११४०८२७४/- (मू.अ.कर समते) पेश भई यस वर्ष रु.७९८९८९१/- खर्च लेखेको छ सो सम्बन्धमा निम्न व्यहोरा देखियो ।

(क) निर्माण व्यवसायिले सम्झौता अनुसारको निर्माण कार्यको प्रक्रिया अगाडि वढाइएको र सम्बन्धित साइडमा जग्गा व्यवस्थापन तथा वरिपरिको निर्माणकार्य नगरे सम्म बाटो पेभिङ तथा ट्वाइलेट निर्माण कार्य गर्नको लागी असहज वातावरण र साइड कन्डिसन अनुसार निर्माण कार्य अगाडि वढाउन नसकिने त्यहाको जनप्रतिनिधि, समाज सेवी तथा स्थानीय समेतको राय सुझव तथा मिति ०७६/५/१४ को अनुगमन समितिबाट समेत भेरिएसन गर्न प्रस्तावमा मेशिनरी वाल १०६.५६ घ.मि. भएकोमा भेरिएसन हुदा १२०३.५४ घ.मि अर्थात १०९६.९८ घ.मि थप भएको अवस्था छ । उक्त आइटम ठेक्का दर रु.७००० ले मू.अ.कर समेत रु.८६७७१११/-अर्थात ठेक्का सम्झौताको अंक रु.९७९५२६१/- को ८८.५८% र लागत अनुमान रु.१०७६६२२७/- ८०.५९% हुन आउदछ । यस प्रकार निर्माण स्थलको वस्तु स्थिति नवुझी लागत अनुमान तयार गरेको स्थिति देखिएको छ । यस प्रकारको निर्माण कार्यमा ध्यान जानु पर्दछ ।

(ख) सार्वजनिक खरीद ऐन २०६३ को दफा ५४ मा ५% सम्मको भेरिएसन राजपत्राङ्कित द्वितिय श्रेणी वा सो सरहको प्रमुख ले १०% सम्म राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह को प्रमुखले जारी गर्नुपर्ने उल्लेख छ । उक्त निर्माण कार्यमा ट्वाइलेट, बाटो पेभिङ माटो कटिङ को सम्पूर्ण कार्य नगरी मेशिरी वाल सम्बन्धि कार्यमात्रको काम गराई रु.११४०८२७४/- को कार्य लागत अनुमानको तुलनामा ५.९६% र सम्झौता अंकको तुलनामा १६.४७ % हुने देखिन्छ । भेरिएसन आदेश नियमानुसार स्विकृत गराई पेश गर्नुपर्ने देखिन्छ ।

49. **सालिमे दहमा ट्रस भवन निर्माण सम्बन्धमा :** ११-०७६/९/१० निर्माण व्यावसायी राजेश्वरी कन्स्ट्रक्सन प्रा.लि संग सालिमे दहमा ट्रस भवन निर्माण कार्यको लागत अनुमान रु.७४३१०७५/- (मू.अ.कर समेत ) को वोलपत्र प्रक्रियाबाट मिति २०७७/१/२० भित्र सम्पन्न गर्ने गरि मिति २०७६/२/२० मा रु.७३३०१६४/- को ठेक्का सम्झौता भई रु.२६८८५८६/- (मू.अ.कर समेत ) भुक्तानि भएको देखियो । सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२० मा सम्झौता अवधि भित्र सम्झौता अनुसारको कार्य गर्न नसकिने भएमा सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिनभित्र कारण खुलाई म्यादथपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ तर निर्माण व्यावसायीले म्यद थपको लागि निवेदन दिएको छैन । पालिकाबाट निर्माण व्यवसायीलाई सम्झौता अनुसारको काम गर्न गराउन आवश्यक पहल गरि नियमावली को नियम १२१ को पूर्व निर्धारित क्षतिपूर्ति समेत लिनु पर्ने देखिन्छ ।

**सशर्त कार्यक्रमतर्फ**

50. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षा नियमावली २०५९, परिच्छेद १५, दफा७७(१) अनुसार पहाडी जिल्लाहरुमा ४५ विद्यार्थिमा १ शिक्षक राख्नुपर्ने व्यवस्था छ। यस निर्देशिका अनुसार शिक्षक संख्याको आधारमा ज्यादै न्युन विद्यारथि संख्या रहेका निम्न विद्यालयहरुलाई भौगोलिक स्थितिको आधारमा मर्ज गरी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | बालकल्याण प्रा.वी | १ | १ | १ | २८ |
| २ | दिपज्योती वा.वि.का | ० | ० | ० | १९ |
| ३ | जनज्योति प्र.वि | १ | १ | ० | २३ |
| ४ | युवा स्वयमसेवी प्रा.वि | १ | १ | १ | २६ |
| ५ | झरुवा वा.वि.के | ० | ० | ० | १२ |
| ६ | खड्गोदय प्.वि | १ | १ | ० | १८ |
| ७ | धरममानी प्रा.वी | १ | १ | | ३२ |
| ८ | धारापानी प्रा.वि | १ | १ | १ | ३५ |
| ९ | नेटाखर्क पुर्व प्रा.वि | ० | ० | ० | ११ |
| १० | दोमान पुर्व प्रा.वि | ० | ० | ० | १८ |
| ११ | चण्डेश्वरी बा. वि.का | ० | ० | ० | ४ |
| १२ | मालिका विद्या मन्दिर प्रा.वि | २ | २ | ० | २५ |
| १३ | सरस्वति वा.वि.के | ० | ० | ० | १४ |
| १४ | मिमियाथुम प्रा.वि | ० | ० | ० | २६ |
| १५ | खड्गदेवि प्रा.वि | १ | १ | १ | ३४ |
| १६ | स्वैरा प्रा.वि | २ | २ | ० | १७ |
| १७ | मालिका बा.वि.के | ० | ० | ० | ६ |
| १८ | वालशिक्षा बा.वि.के | ० | ० | ० | ३० |
| १९ | गौतम बा.बि.के | ० | ० | ० | १४ |
| २० | लक्ष्मि नारायण बा.बि.के | ० | ० | ० | ३३ |
| २१ | श्री कृष्ण नारायण प्रा.बि | १ | १ | १ | ३४ |
| २२ | जनजागरण प्रा.वि | १ | १ | १ | २५ |
| २३ | ठुला खर्क प्रा.बि | २ | २ | १ | ३४ |
| २४ | शहिद शमसेर प्रा.वि | ३ | ३ | १ | ३७ |
| २५ | देउरालि बा.बि.के | ० | ० | ० | १२ |
| २६ | सर्वहित बा.बि.के | ० | ० | ० | ८ |
| २७ | खड्कादेवि प्रा.नि | २ | २ | ० | ३८ |
| २८ | भगवति बा.वि.के | ० | ० | ० | ७ |
| २९ | देउराली प्रा.वि | १ | १ | ० | १९ |
| ३० | अल्याङकोट बा.वि.के | ० | ० | ० | ३ |

51. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरीद भएको, खरीद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९७ जनालाई रोजगारी उपलब्ध गराई रु.१८१५०७०/- खर्च

गरेको छ । लक्षित वर्गलाई ४० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

52. **कोभिड विशेष कृषि कार्यक्रम २०७७** : कोभिड-१९ का कारण भविष्यमा वेरोजगारी बढ्न र दिर्घकालमा खद्य संकत पर्न सक्ने बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यावसायिक खेती, रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयातलाई घटाई व्यापार घाटामा पनि कम गराउन कोभिड लक्षित व्यावसायिक तरकारी प्रवद्धन कार्यक्रम संचालन तथा वैदेशिक रोजगारीमा गई भारत लगायत अन्य देशबाट फर्केर युवाहरुलाई कृषि क्षेत्रमा रोजगारी श्रृजना गरी भविष्यमा आउन सक्ने खाद्य संकटको समस्या समाधान गर्न समेत सहयोग पुग्ने उद्देश्य राखी विदेशबाट फर्केका र व्यावसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागी आर्थिक वर्षको अन्त्यमा रु.३६७२०००-प्राप्त गरी ३२२ जनालाई रु.३६६१०००खर्च लेखेको छ । पालिकाले यस कार्यक्रम बाट सहयोग पाउनेहरुको विवरण अभिलेख राखी निरन्तरता दिए नदिएको अनुगमन गरिनु पर्दछ ।

53. **सामुदायिक विकासका लागि वाखा उद्यम परियोजना** : पालिकाले गैह्र सहकारी संघ संस्था तथा निजि क्षेत्र विचको सहकार्यमा गरिवी निवारण दिर्घकालिन परियोजना संचालन गर्ने उदेश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन बृद्धि गरी रोजनागरी मूलक उद्दमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल संग मिति २०७६/८/१५ देखि २०७९/३/१६ सम्म परियोजना संचालन गर्ने रु.४४३२७५३९/- मा ७५%ले रु.३३२४५०५६/- पालिकाले व्यहोर्ने र वाँकी २५% रु.११०८२४८३/-संस्थाले व्यहोर्ने गरी सम्झौता भए अनुसार यस वर्ष रु.२६३७५०१/- खर्च लेखेकोमा निम्न व्यहोरा देखियो ।

(क) सार्वजनिक खरीद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलीकरण मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संसथाबाट गराउदा छिटो छरितव, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रीय अपनाई त्स्तो कार्य गराउन वा सेवा प्रापत गर्न सक्ने उल्लेख छ । साथै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनेको लागी त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि,कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटि अनुमान तयार गर्नुपर्ने उल्लेख छ । अतः पालिकाले सामुदायिक विकासक लागी बाखा उद्यम परियोजना संचालन गर्न गैर सरकारी संस्था मार्फत संचालन गर्न ऐन नियममा व्यवस्था भएको देखिएन । साथै पालिकाको उक्त परियोजना संचालनका लागि कामको आवश्यकता, किसिम समयावधि कामको गुणस्तर,जनशक्ति,कार्य संचालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरेको समेत देखिएन ।

(ख) सम्झौताको बुदा नं.७,२,९, मा परियोजना कार्यान्वयनका लागी परियोजना प्रस्तावनामा उल्लेख गरिएका स्थानीय साझेदारी संस्था संग हेफर प्रोजेक्ट नेपालले छुट्टै सम्झौता गर्ने उल्लेख छ । पालिका ले परियोजना संचालन गर्न सरोकारवाला स्थानिय संस्थाहरु संग सिधै संचालन नगरी गैर सरकारी संस्था मार्फत ऐन नियममा गैर सरकरी संस्था मार्फत संचालन गर्न सकिने प्रावधान वेगर पालिकाले ७५% र गैर सरकरी संस्थाले २५% रकम व्यहोर्ने गरी खर्च लेखेको नियम संगत देखिएन ।

(ग) सार्वजनिक खरीद ऐन २०६३को दफा ३० अनुसार खुल्ला रुपमा आशय पत्र माग गरी संचिप्त सुचि तयार तथा प्रस्ताव आह्वान गरी के कति संस्था दर्ता भई उक्त संस्था छनोट गरिएको हो सो फारम लेखापरीक्षण मा पेश भएको छैन

(घ) बुँदा नं. ८ मा परियोजनाको वार्षिक लखापरीक्षण आ.व. समापनपछि नेपालको कानून बमोजिम लेखापरीक्षण गर्न योग्य चार्टड एकाउन्टेन्ट फर्मबाट गराउने उल्लेख छ । त्यस्तै वुदा नं ९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७६ वमोजिम चौमासिक रुपमा अनुगमन मूल्याङ्कन गर्ने उल्लेख भएको छ। यस प्रकार सम्झौतामा उल्लेख भए अनुसार हेफर प्रोजेक्ट नेपालले आ.व समापन पछि चार्टर एकाउन्टेन्ट फर्मबाट लेखापरीक्षण गराई प्रतिवेदनको प्रमाण र पालिकाले व्यवस्थापन तथा अनुगमन

समितिबाट अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन समेत लेखापरीक्षण पेश भएको छैन ।

(ङ) सम्झौताको वुदा नं १२ मा सम्झौता कार्यान्वयनका क्रममा सम्झौताका पक्षहरु विच कुनै विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरी बिवाद समाधान गर्नुपर्ने साथै कार्य क्षेत्रमा हनु सक्ने कुनै पनि वाधा, व्यवधान, विवाद आदि समाधान गर्ने प्रथम पक्षको कर्तव्य हो र प्रथम पक्षको काबु वाहिरको परिस्थिति बाहेक यस प्रकारको गतिविधिबाट दोस्रो पक्ष, स्थानीय गैर सरकरी सझेदारी संस्था, कर्मचारी तथा यी संग सम्बन्धित सरोकारबालहरु लाई कुनै हानी, नोक्सानी आदि भएका सो को सम्पर्ण खर्च, लागत क्षतिपूर्ति आदिमा जिम्मेबारी प्रथम पक्ष हुने भनि सम्पूर्ण क्षतिको जिम्मेवारी प्रथम पक्ष पालिकालाई बनाई गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल क्षति तथा हानी नोक्सानीको दायित्व बाट पन्छिएको अवस्था छ । अतः यस प्रकारको वुदा संसोधन गरी हेफर प्रोजेक्ट नेपाल र पालिकाको जिम्मेवारी स्पष्ट उल्लेख हुनुपर्छ ।

**समानीकरण पूँजिगततर्फ**

54. **सोझै खरीद** - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावलीमा रु.५ लाखसम्मको खरीद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरीद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरीद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरीद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.२०३९३२५/- को सोझै खरीद गरेको रु २०३९३२५

| गो.भौ.नं. मिति | निर्माण व्यवसायीको नाम | कामको विवरण | खर्च रकम |
|---|---|---|---|
| ९८-०७७/१/२४ | सुर्योदय कन्स्ट्रक्सन | पहिरो सफा गर्ने | १४६६१७५ |
| ३६-०७६/९/१५ | हाइस्पिड कम्प्यूटर | इन्भर्टर व्याट्रि | ४९८००५ |
| ५८-०७६/११/८ | हाइस्पिड कम्प्यूटर | हेलोजिन हिटर | २५४२५ |
| २००-०७७/३/३० | हाइस्पिड कम्प्यूटर | इन्भर्टर | ४९७२० |
| | | जम्मा | ५७३१५० |
| | | जम्मा | २०३९३२५ |

(ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु.५० लाख सम्म खरिद कार्य सोझै गर्न सकिने , रु.५ लाख भन्दा माथी रु.२०लाख सम्म सिलबन्दि दरभाउपत्र बाट र सो भन्दा माथी वोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले रु.५ लाख सम्मको लागत अनुमान तयार गरी सोझै रु.१९८१४८२/-खरिद गरेको देखियो ।

| गो.भौ.नं. | आपुर्तिकर्ता/ निर्माण व्यवसायी | रकम |
|---|---|---|
| १६-०७६/७/२९ | मालिका इन्फोसिस एण्ड सर्भिसेज | ४९१५५०/- |
| ४३-०७६/१०/१६ | आयुष ग्रिल एण्ड इन्जिनियरीङ | ४९७३३५ |
| ६४-०७६/११/१९ | रेसुङ्गा दर्शन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ४९८१०९ |
| १२३-०७७/२/२५ | स्टार फर्निचर उद्योग | ४९८१०९ |

55. **कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरीद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन ।

56. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको

अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

57. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । सामाजिक परीक्षण गराएको भए कति पटक गराएको र यसमा भएको खर्च समेत उल्लेख गर्ने

58. **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्रास गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| आपचौर प्राविधिक विद्यालय | इन्भिन्सिवल सर्भेयर्स | ५००००० | ४९६०७० | |
| प्रशासनिक भवन निर्माण | प्रोफेस्नल डिजाइनर | ५००००० | ४९६५८१ | |
| जेष्ठ नागरिक विश्राम स्थल | इगल्स सोलुसन प्रा.लि | ५००००० | ४९७२०० | |
| जम्मा: | | | १४८९८५१ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

59. **सफ्टवेयर खरीद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरीद गरी देहायबमोजिम रु.४९१५५०/- खर्च गरेकोमा खरीद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| गो.भौ.नं. मिति | सेवा प्रदायक | कामको विवरण | खर्च |
|---|---|---|---|
| १६-०७६/७/२९ | मालिका इन्फोसिस एण्ड सर्भिसेज प्रा.लि | योजना अनुगमन मूल्याङ्कन सफ्टवेयर जिन्सि व्यवस्थापन सफटवेयर | ४९१५५० |

60. **प्रशासनिक खर्चको आधार** :- कार्यालयले प्रशासनिक कार्यको लागि बजेट विनियोजन गर्दा कार्यालयले गर्ने विभिन्न कार्य र सो कार्य गर्न खरीद गर्नु पर्ने सामान,सेवा वा महसूलको आधारमा कार्यालयको जनशक्ति,मातहतका वडा आदिलाई आधार लिनु पर्दछ ।कार्यालले प्रशासनिक खर्चमा रकम विनियोजन गर्दा लिएको आधार स्पष्ट भएन । प्रशासनि कार्यको लागि रकम विनियोजन गर्दा निश्चित आधारमा विनयोजन गरी न्यून प्रशासनिक खर्चमा अधिक उपलब्धि हुसल गर्नु पर्दछ ।

61. **प्रशासनिक खर्च सम्बन्धमा**:- कार्यालयको प्रशासनिक खर्च तर्फ चालू तथा पूँजीगत बजेटबाट कार्यालय संचालन, मेशिनरी औजार र फर्निचर तथा पूर्वाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनका लागि बजेट स्वीकृत भएको छ ।त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतमा समेत प्रशासनिक कार्यका लागि रकम विनियोजन भएको छ ।यस अतिरिक्त कार्यलयले निर्माण कार्यको कन्टेनजेन्सीबाट समेत प्रशासनिक कार्यमा खर्च गर्ने गरेको छ ।विभिन्न शिर्षकबाट गरिएका प्रशासनिक खर्चको एकिकृत विवरण नराखिएकोले प्रशासनिक खर्चको विश्लेषण गर्न सकिएन । धेरै शिर्षकबाट प्रशासनिक

| | | |
|---|---|---|
| | खर्च गर्ने तर एकिकृत विवरण तयार नगर्दा कार्यालय संचालन लगायतम अनावश्यक खर्च हुन सक्ने,मितव्ययिता नहुने जस्ता जोखिम रहन सक्ने भएकोले आन्तरिक नियन्त्रण तथा पारदर्शिताको लागि सबैशिर्षबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण तयार गर्नु पर्दछ । | |
| 62. | **जिन्सी व्यवस्थापन** :- आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५० बमोजिम कार्यालयमा कुनै प्रकारबाट प्राप्त भएका जिन्सी सामानको लगत खडा गरी राखिएको जिन्सी मालसमान के कस्तो अवस्थामामा छन, कार्यालय प्रमुखले एक आर्थिक वर्षमा कम्तिमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्ता मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीले वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँ कार्यपालिकाको कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन नियममा व्यवस्था भए बमोजिम निरिक्षण गराइ प्रतिवेदन लिएको पाइएन । | |
| 63. | **खरीद व्यवस्थापन** :- सार्वजनिक खरीद नियामवली,२०६४ को नियम ३ बमोजिम सार्वजनिक निकायले कुनै खरीद कार्वाही तयार गर्दा खरीद आवश्यकताको पहिचान माग संकलन गर्ने,खरीद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरीद संम्झौताको जानकारी लिने,अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसमान,निर्माण कार्य वा परामर्श सेवा अन्य सेवा खरीद गरिएको भए त्यस्तो खरीद प्रक्रियाको अध्ययन गर्ने,खरीद विवरण तयार, परिमाण र क्षेत्र यकिन गर्ने,खरीदलाई बढी सुविधाजनक समुह विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरीद योजना तयार गर्ने,खरीदको लागत अनुमान तयार गर्ने,खरीदको आर्थिक स्रोत र रकम पहिचान गर्ने,खरीद विधि छनौट गर्ने व्यवस्था छ । | |
| 63.1. | कार्यालयको दैनिक प्रशासन संचभालनको लागि चालु तथा पूँजिगत खर्च शिर्षकबाट मसलन्द,छपाई,विविध प्रकारका सामाग्री एवंम संघीय सरकार तथा प्रदेश सरकारको शसर्त बजेट बाट समेत विभिन्न सामान खरीद गरिएको छ । कार्यालयले सामान खरीदको लागि माग संकलन,लागत अनुमान तयारी,,सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समूहको रकम परिमाण अनुसार खरीद विधि छनौट गरी खरीद गरेको पाईएन ।कार्यालयमा प्रयोग हुने कतिपय सामान कार्यालयबाट खरीद गरेको भए पनि विषयत शाखाबाट खरीद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्कीबाट खरीद गरेको देखियो ।त्यस्तै शिक्षा,कृषि,पशु,,सामाजिक विकासको लागि छुट्याईएको अधिकाशं बजेट संम्बन्धित शाखाका कर्मचारीले पेश्कीबाट खरीद गरेकोमा खरीद गरिएको रकम सम्बन्धित सप्लायर्स तथा सेवा उपलब्ध गराउनेलाइ दिएको भरपाइ वा बैंक ट्रान्सफर गरेको समेत देखिएन । | |
| 63.2. | सामान प्रयोग गर्ने वा सेवाग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफैं कार्यक्रम तयार गर्ने,आफै पेश्की लिने वा माल सामान पेश्किबाट खरीद गरी सोधभर्ना लिई आफै वितरण गर्दा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त हुन सक्ने भएकोले बस्तु वा सेवा खरीद गर्दा सार्वजनिक खरीद नियमावलीको प्रावधान अनुसार सोझै,दरभाउपत्र, सिलबन्दी दरभाउपत्र,बोलपत्र लगायतका उपयुक्त खरीद विधि छनौट गर्ने,बिक्रेतालाई सोझै भुक्तानी गर्ने लयागतका प्रक्रिया अवलम्बन गरी खरीद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ | |
| 63.3. | सार्वजनिक खरीद नियमावली,२०६४ मा ५ लाख सम्मको मालसमान खरीद ३ आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सबै भन्दा घटी रकम प्रस्ताव पेश गर्ने आपूर्तिकर्ताबाट खरीद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले दरभाउपत्रबाट खरीद गरेका सामानको भुक्तानी दिएको भौचर साथ ३ दरभाउपत्र संलग्न गरेको भएपनि दरभाउपत्रको फोटोकपि संलग्न गरेको, तुलनात्मक तालिका बनाई स्वीकृत गराउने नगरेको,आपुर्तिकर्तालाई पत्राचार गरी दरभाउपत्र माग नगरेको, दरभाउपत्र बाट मालसामान खरीद गर्दा मौजुदा सूचीमा रहेका आपूर्तिकर्तालाई लिखित पत्राचार गरी सक्कल प्रति दरभाउ लिने प्राप्त दरभाउपत्र दर्ता गर्ने,तुलनात्मक तालिका तयार गर्ने लगायतका कार्य गरी खरीद प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । | |
| 64. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग | |

अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट पालिकाले शिक्षकको तलब भत्तामा रु.५०००००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी निकासा दिएको रकमबाट बिद्यालय व्यवस्थापन समितिको २०७६।१०।२९ निर्णयानुसार शिक्षक तलबमा खर्च गर्ने उल्लेख भएकोमा बिद्यायलयले माग फाराम र बुझिलिएको भरपाई लेखारीक्षणमा पेश हुन आएन । तसर्थ बिद्यालयले निकासा माग फाराम तथा सम्बन्धित शिक्षकहरुलाई तलब भत्ता बुझिलिएको भरपाई तथा शिक्षकहरुको नियुक्ति समेत पेश हुनुपर्ने रु ५०००००

65. **कानूनी सल्लाहाकार (बिज्ञ सेवा खरीद)** नगरकार्यपालिकाको मिति २०७५।३।३ को निर्यणानुसार कानून सल्लाहाकारको रुपमा मिति २०७६।४।१ देखि २०७७ आषाढ मसान्तसम्मको लागि कानून मस्यौदा वापत प्रति कानून रु ५०००।००, सम्झौता लिखत तयार गरे वापत प्रति लिखत रु २०००।०० र न्याय समितिलाइ न्याय सम्पादनमा सहजिकरण गरे वापत बार्षिक रु १५००००।०० दिनेगरी मिति २०७६।४।१ मा सम्झौता भए अनुसार कानून मस्यौदा २९ वटाको रु १४५०००।०० लिखत मस्यौदा ४ वटाको रु ८०००।०० र कानूनी परामर्शको रु १५००००।०० गरी जम्मा रु ३०३०००।०० भुक्तानी भएको छ । यसरी बिज्ञ सेवाको दिएको दर कुन नमर्स निर्देशिकाको आधार लिएको हो स्पष्ट भएन । अदालत वा कुनै सरकारी निकायमा कानूनी रुपमा पेश गर्नुपर्ने लिखतहरु बाहेक अधिकांश मस्यौदा पालिकाका कर्मचारीहरुबाट हुन सक्ने अवस्थामा बिज्ञ सेवामा भएको खर्च पालिकालाइ व्ययभार पर्न गएको देखिन्छ । नगरसभाबाट बजेट तथा निति कार्यक्रम तयार गर्दा सुत्रबाट उपलब्ध हुने र कर्मचारीहले तयार गरी सभामा पेश हुने स्थानिय तहको आर्थिक ऐन २०७६ स्थानिय तहको बिनियोजन ऐन २०७६ तथा स्थानिय तहको आर्थिक प्रथम संशोसन ऐन २०७६ स्थानिय तहको बिनियोजन ऐन २०७६ को आदी जस्ता तयार गरेको जनाइ रकम भुक्तानी दिएको नियमसम्मत नदिखएकोले यसमा सुधार हुनुपर्दछ ।

66. **तालिम सम्बन्धमा** यस पालिकाको पाँचौ गाउँसभाको बैठकबाट प्रदेश सरकारबाट जारी भएको भन्दा बढी हुनेगरी तालिमको नमर्स तयार गरी कार्यक्रम सञ्चालन भएको देखिएको छ । यसरी तालिम सञ्चालन भएकोमा नमर्स भन्दा बढी हुनेगरी भुक्तानी दिएको देखिएकोले देहायमा उल्लेख गरिए अनुसार रु ७३१९९।०० असुल गरी राजस्वा दाखिला हुनुपर्ने रु ७३१९९

| गो भौ नं र मिति | रकम | बिवरण | भुक्तानी भएको | नमर्स अनुसार भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी रकम पारिश्रमिक कर कट्टा गरीसकेपश्चात |
|---|---|---|---|---|---|
| ८७।०७६।९।२४ | २९७७२५ | ग्रामिण मर्मत संम्भार तालिम १० दिने सहभागी २५ जना नगरपालिकाले नमर्स कार्यबिधि तयार नगरेकोले प्रदेशबाट जारी भएको सार्वजनिक खर्चको मापदण्ड कार्यबिधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ लाइ आधार लिएको | | | |
| | | प्रशिक्षक भत्ता ११ जनाले ४० कक्षाको प्रति कक्षाको प्रति कक्षा रु १६००।०० ले भुक्तानी भएकोमा नमर्समा प्रति कक्षा रु ८००।०० रहेको | ६४००० | ३२००० | २७२०० |
| | | सहभागी खाना खर्च २७० जनालाइ रु ५००।०० को दरले भुक्तानी भएकोमा नमर्समा रु ४००।०० रहेको | १३५००० | १०८००० | २७००० |
| | **जम्मा** | | | | ५४२०० |
| २०८।०७७।२।१३ | ११०१७० | वडा नं ७ नमुना महिला उद्यमी समुह बामी काफलटोलामा मौसमी तथा बेमौसमी तरकारी खेती सम्बनधी तालिम मिति २०७६।८।१४ देखि ८।२० सम्म ७ दिन सञ्चालन भएकोमा सहभागी २४ जना | | | |
| | | स्टेशनरीमा नमर्समा प्रति सहभागी रु१५०।०० रहेकोमा | १२०१५ | ३६०० | ८२८९ |
| | | प्रशिक्षक भत्ता नमर्समा रु ८००।०० रहेकोमा २८ सेसनको रु १२५०।०० को दरले भुक्तानी | ३५००० | २२४०० | १०७१० |
| | **जम्मा** | | | | १८९९९ |
| | **कुल जम्मा** | | | | ७३१९९ |

67. **गोश्वरा भौचर लगायत बिल भरपाइ पेश नभएको** पालिकाले यस आ ब मा गरेको सम्पूर्ण कारोबारको अभिलेख

सुत्र मार्फत गरी गोश्वरा भौचार खडा गरी बैंक नगदी किताब तथा सम्बन्धित खातामा प्रविष्टी हुनुपर्नेमा बैंक नगदी किताबमा खर्च लेखांकन भएकोमा गाउँपालिका चालुतर्फ गो भौ नं २३८।२०७७।३।१२ बाट रु १५००००।०० वामी खा पा योजनाका कर्मचारी हिरा बहादुर बोहरालाइ भुक्तानी दिएकोमा सो भुक्तानिको प्रयोजन नखुल्ने र गोश्वरा भौचार तथा बिल भरपाइ पेश नभएको हुदाँ भुक्तानी दिन मिल्ने पुष्टयाइ सहित प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु — १५००००

68. **कार्यक्रमबाट खाजा लगायतको भुक्तानी पालिकाबाट सञ्चालित हुने योजना तथा कार्यक्रमहरुको बजेटबाट तोकिएका कार्यक्रममा मात्र खर्च गर्न पाउनेमा देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा उपभोक्ताहरुले खाजा खाना लगायतका बिल भरपाइ पेश गरेको आधारमा पालिकाले भुक्तानी दिएकोले त्यस्तो साधारण प्रकारको खर्च भुक्तानी दिन मिल्ने नदेखिएको रु** — २२५८६०

| गो भौ नं | रकम | खाजा समेत भुक्तानी | ब उ शि नं | उपभोक्ता समितिको नाम र काम | कैफियत |
|---|---|---|---|---|---|
| २।०७७।२।७ र ११।०७७।३।३० | ६८९४१७० | ५२२०० | प्रदेश पूँजीगत | वामी खा पा वडा नं ८ | खाजा र स्टेशनरी |
| ३।०७७।२।७ र ८।०७७।३।२९ | ५३१७७७२ | ८०००० | प्रदेश पूँजीगत | लुङ्गीवास आरपाटा खा पा | खाजा रिचार्ज दराज आदी |
| | | ५४१६० | | | बिल भरपाइ रु१३९६००।०० को मात्र रहेको |
| २।०७७।२।७ र ७।०७७।३।२९ | १६८२२२८ | ३९५०० | प्रदेश पूँजीगत | भिरमुनि चितडांडा खा पा | खाजाको बिल रु २४८६०।०० को मात्र पेश भएकोमा रु ३९५००।०० भुक्तानी |
| जम्मा | | २२५८६० | | | |

69. <u>संघिय हस्तान्तरित पूँजीगत</u>

**म ले प फा नं १८ बिना भुक्तानी देहायमा उल्लेख गरिए अनुसारका उपभोक्ता समिति तथा ब्यक्तीलाइ गत आ ब को रकम म ले प फा नं १८ बिना रु.१३,७०,६११/-भुक्तानी भएकोमा सो रकम के वापत कामको बिबरण समेत नखुलेको हुनाले नियमसम्मत नभएको रु** — १३७०६११

| ब उ शि नं | गो भौ नं र मिति | रकम | बिबरण | कैफियत |
|---|---|---|---|---|
| संघिय हस्तान्तरित पूँजीगत | २।०७६।८।१८ | ४५२६११ | बैंरनी ओर्गतिघाट उपभोक्ता समितिलाइ | सोधभर्ना हुनेगरी भुक्तानी गरेकोमा सोधभर्ना प्राप्त नभएको |
| गा पा चालु | ४१।०७६।८।१७ | ९००००० | नौ वटा वडा समूहलाइ भुक्तानी | |
| गा पा चालु | १७१।०७६।१२।५ | १८००० | खानेपानी शाखाका कर्मचारी बसेको घरभाडा वापत रुपा दर्लामीलाइ भुक्तानी | |
| जम्मा | | १३७०६११ | | |

70. **बिद्यालय तथा संस्थालाइ अनुदान पालिकाले देहायका बिद्यालयहरुलाइ अनुदान दिएकोमा सो निर्माण कार्यको लागत अनुमान बिल भरपाइ एवम प्राबिधिक मूल्यांकन पेश नभएको रु** — १०५००००

| गो भौ नं र मिति | रकम | बिद्यालयको नाम | कामको बिबरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४।०७७।१।८ | ७००००० | मुसिकोट मा बि वडा नं ४ | शौचालय निर्माण | ३५०००० | |
| | | कुर्घा नि मा बि | शौचालय निर्माण | ३५०००० | |
| ७।०७७।२।१४ | ३५०००० | धारापानी प्रा बि | शौचालय निर्माण | ३५०००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १०५०००० | | | | | | | |

| | | |
|---|---|---|
| 71. | **पूर्व निर्धारित क्षतिपूर्ति** सार्वजनिक खरीद नियमावली २०६४ को नियमा १२१ मा खरीद सम्झौता बमोजिम समयमै सामान सप्लाइ गर्न नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको वडा नं ४ वडागाउँमा हेल्थ केयर भवनको निर्माण गर्नको लागी बोलपत्रबाट सुयोशा कन्स्ट्रक्सनसंग मिति २०७६।९।१८ गतेभित्र निर्माण कार्य सम्पन्न गर्नेगरी रु ३८५२६०८।०० मा मिति २०७६।३।१९ मा सम्झौता गरेकोमा गो भौ नं ११।०७७।२।३० बाट रु ३८५२६०८।४४ भुक्तानी दिएकोमा निर्माण व्यवसायीले तोकीएको समयमा काम नगरेको र म्याद थप समेत नभएकोले नापी किताब पेश नभएकोले ठेक्का बिल अनुसार १०९ दिन ढीलो गरी मिति २०७७।१।७ मा काम सम्पन्न गरेको रु २०९९६७।०० असुल गरी राजस्व दाखिला हुनुपर्ने रु | २०९९६७ |
| 72. | <u>प्रदेश हस्तान्तरित पूँजीगत</u><br>**वामी खा पा योजना** यस योजनाको कुल रु ८० लाख बजेट व्यवस्था भएकोमा निर्माण कामको लागत अनुमान कन्टिजेन्सी रु ९८३७८।९७ (०.९९%) समेत रु ९९३६२७६।४४ मा उपभोक्ताले रु २९८०८८२।९३ र पालिकाले रु ६९५५३९३।५० व्यहोर्ने गरी तयार भए अनुसार मिति २०७७।३।१५ सम्म सम्पन्न गर्ने गरी मिति २०७६।९।२१ मा सम्झौता भएको देखिन्छ । सो निर्माण काम सम्पन्न भइ कामको मूल्यांकन रु ९८१००५०।८० भइ रु ६८९४१७०।०० भुक्तानी भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन । | |
| 72.1 | <u>उपभोक्ता समितिबाट सामाग्री खरीद</u><br>यस निर्माण कार्यको लागत- अनुमानमा सामाग्री खरीदको लागत अनुमान रु ४७३३६८०।०० रहेकोमा उपभोक्ता समितिले सामाग्रीहरु सिलबन्दी कोटेशनबाट खरीद गर्न सूचना गर्दा सूचनामा लागत अनुमान वास्तबिक भन्दा रु ६३१३९३।०० कम गरी रु ४१०२२८७।०६ उल्लेख गरी प्रतिस्पर्धाको लागि आव्हान गरे अनुसार सबैभन्दा कम कबोल गर्ने हार्डवेयर नेपाल प्रा ली बालाजु काठमाडौंले रु ३४४६३०८।०० मा सप्लाइ गरी रु १२८७३७२।०० बचत हुन गएको रकम पालिकाले फिर्ता प्राप्त गर्नुपर्दछ। | |
| 72.2 | **लागत अनुमानमा नभएको काम** वामी खा पा को रु ९९३६२७६।४४ लागत अनुमानमा समाबेश नभएको ४०० वटा निजी धारा निर्माण गरी रु १६९९१४६।६१ मूल्यांकन गरी उपभोक्ताको योगदान ३० प्रतिशत कट्टा गरी रु ११८९४०२।०० भुक्तानी भएको देखिन्छ । यस निर्माण कामको नापी किताब लेखापरीक्षणमा पेश नभएको, ठेक्का बिलमा अघिल्लो रनिङ बिलमा भएको,सम्पूर्ण कामको बिबरण उल्लेख नगरी सारांशमा मात्र उल्लेख भएको, सो योजनाको डि पि आर पेश नभएको र सम्झौतामा लाभान्वित संख्या उल्लेख नभएको आदी कारण लागत अनुमान तथा सम्झौतामा नभएको निर्माण कार्यको भुक्तानी दिन मिल्ने नदेखिएको रु | ११८९४०२ |
| 72.3 | **अग्रिम आयकर कट्टा नभएको** वामी खा पा उपभोक्ता समितिबाट खानेपानी निर्माण गरी रु ६८९४१७०।०० भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार उपभोक्ता समितिलाइ रु ५००००००।०० बढीको भुक्तानीमा अग्रिम आयकर १.५ प्रतिशत रु १०३४१२।०० कट्टा गरी भुक्तानी दिनुपर्नेमा कट्टा नगरी भुक्तानी दिएकोले असुल हुनुपर्ने रु | १०३४१२ |
| 72.4 | **बिस्तृत लागत अनुमान तथा दर बिश्लेषण पेश नभएको** वामी खा पा योजनाको रु ९९३६२७६।४४ लागत अनुमानमा अन्य संरचना निर्माण (धारा बाहेक) को लागि रु १०४९१९६।०० समाबेश गरेकोमा सो को बिस्तृत लागत अनुमान तथा दर बिश्लेषण लेखापरीक्षणमा पेश नभएको रु | १०४९१९६ |
| 73. | **लुङ्गीवास खा पा योजना** यस योजनाको कुल रु ४५ लाख बजेट व्यवस्था भएकोमा निर्माण कामको लागत अनुमान कन्टिजेन्सी रु ९६२७० (१.०९%) समेत रु ८८४८१५२।३८ मा उपभोक्ताले रु २६५४४४५।७१ र पालिकाले रु ६१९३७०६।६७ व्यहोर्ने गरी तयार भए अनुसार मिति २०७७।३।२० सम्म सम्पन्न गर्ने गरी मिति २०७६।९।२० मा सम्झौता भएको देखिन्छ । सो निर्माण काम सम्पन्न भइ कामको मूल्यांकन रु ७५३२२२०।०० भइ रु ५३१७७७२।०० भुक्तानी भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन । | |

| | | |
|---|---|---|
| 73.1. | **<u>उपभोक्ता समितिबाट सामाग्री खरीद</u>**<br>यस निर्माण कार्यको लागत अनुमानमा सामाग्री खरीदको लागत अनुमान रु ३५९६२५११४१ रहेकोमा उपभोक्ता समितिले सामाग्रीहरु सिलबन्दी कोटेशनबाट खरीद गर्न सूचना गर्दा सूचनामा लागत अनुमान वास्तबिक भन्दा रु ७३३४९३।०० कम गरी रु २८६२७५७।०० उल्लेख गरी प्रतिस्पर्धाको लागि आब्हान गरे अनुसार सबैभन्दा कम कबोल गर्ने हार्डवेयर नेपाल प्रा ली बालाजु काठमाडौंले रु २०८६५८४।०० मा सप्लाइ गरी रु १५०९६६७।४१।०० बचत हुन गएको देखिएको पालिकाले फिर्ता प्राप्त गर्नुपर्दछ। | |
| 73.2. | **लागत अनुमानमा नभएको काम** लुङ्ग्रीवास खा पा को रु ८८४८१५२।३८ लागत अनुमानमा समाबेश नभएको १४० वटा निजी धारा निर्माण गरी रु ५६२६०२।०० मूल्यांकन गरी उपभोक्ताको योगदान ३० प्रतिशत कट्टा गरी रु ३९३८२१।०० भुक्तानी भएको देखिन्छ । यस निर्माण कामको नापी किताब लेखापरीक्षणमा पेश नभएको, ठेक्का बिलमा अघिल्लो रनिङ बिलमा भएको,सम्पूर्ण कामको बिबरण उल्लेख नगरी सारांशमा मात्र उल्लेख भएको, सो योजनाको डि पि आर पेश नभएको र सम्झौतामा लाभान्वित संख्या उल्लेख नभएको आदी कारण लागत अनुमान तथा सम्झौतामा नभएको निर्माण कार्यको भुक्तानी दिन मिल्ने नदेखिएको रु | ३९३८२१ |
| 73.3. | **अग्रिम आयकर कट्टा नभएको** लुङ्ग्रीवास खा पा उपभोक्ता समितिबाट खानेपानी निर्माण गरी रु ५३१७७७२।०० भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार उपभोक्ता समितिलाइ रु ५००००००।०० बढीको भुक्तानीमा अग्रिम आयकर १.५ प्रतिशत रु ७९७६८।०० कट्टा गरी भुक्तानी दिनुपर्नेमा कट्टा नगरी भुक्तानी दिएकोले असुल हुनुपर्ने रु | ७९७६८ |
| 73.4. | **बजेट भन्दा बढीको काम गराएको** लुङ्गीवास खा पा यस योजनाको कुल रु ४५ लाख बजेट व्यवस्था भएकोमा निर्माण कामको लागत अनुमान रु ८८४८१५२।३८ मा उपभोक्ताले रु २६५४४४५।७१ र पालिकाले रु ६१९३७०६।६७ व्यहोर्ने गरी तयार भए अनुसार निर्माण काम सम्पन्न भइ कामको मूल्यांकन रु ७५३२२२०।०० भइ रु ५३१७७७२।०० भुक्तानी भएकोमा बजेट भन्दा बढी रु ८१७७७२।०० भिरमूनी चितडांडा वासकोटा खा पा बाट बचत रकमबाट भुक्तानी दिएको देखिएकोले बजेट भन्दा बढीको लागत अनुमान तयार गरी निर्माण कार्य गराउने पदाधिकारीलाइ जिम्मेवार बनाइ उक्त रकम प्रदेश संचित कोषमा फिर्ता पठाउनुपर्ने देखिएको रु | ८१७७७२ |
| 74. | **<u>न पा शिक्षा पूँजीगत</u>**<br>**आँपचौर प्राबिधिक भवन निर्माण** यस निर्माण गर्नको लागि लागत अनुमान रु ७३३०३७२।९६ रहेको काम मिति २०७७।३।२५ सम्म सम्पन्न गर्ने गरी रु ७०२०२०९।३६ मू अ कर समेतमा मिती २०७६।११।१३ गते सूर्योदय कन्स्ट्रक्सनसंग सम्झौता भएकोमा निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न नगरेको भएपनि निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको एवम पालिकाले म्याद थप गरेको देखिएन । उक्त निर्माण कार्यको यस वर्ष प्रथम रनिङ बिल वापत रु ४४६१९३६।०० मु अ कर समेत भुक्तानी भएकोमा निर्माण कामको नापी किताब पेश नभएकोले भिडान गर्न सकिएन। | |
| 75. | **आँपचौर प्राबिधिक भवन डि पि आर** यस भवन निर्माण गर्नको लागि डि पि आर तयार गर्न इनभिन्सिवल सर्भेयर्स एण्ड इन्जिनियरिङ गोदावरी ललितपुसंग रु ४९६०७०।०० मा गर्नेगरी मिति २०७६।८।१५ मा सम्झौता भए अनुसार गो भौ नं २।०७६।११।१९ बाट रु ४९६०७०।०० भुक्तानी दिएको छ । सो परामर्शदातासंग २ महिनाको सम्झौता भएकोमा संचारमा २ महिना १५ दिनको रु ५०००।०० र सवारी साधन तथा इक्विपमेन्टमा २ महिना १५ दिनको रु १५०००।०० गरी जम्मा रु २००००।०० भुक्तानी दिएकोले १५ दिनको बढी भुक्तानी दिएको रु ४०००।०० असुल हुनुपर्ने रु | ४००० |
| 76. | **भ्रमण खर्च**: लुम्विनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । | |

- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा सम्बन्धमा स्पष्ट हुन सकिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययिता कायम गरि खर्चमा नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

77. संघिय ससर्त चालु

यस नगरपालिकामा संचालित सबै विद्यालयहरुको तलब भुक्तानीको पेरोल राखेको छैन । विद्यालयको माग फारमका आधारमा रकम भुक्तानी दिएको छ ।

78. यस नगरपालिकमा संचालित ७२ वटा विद्यालयका लागि प्रथम दिवा खाजा निकासा ६० दिनको लागि रु ४०९५००० र दोश्रो दिवा खाजा निकासा ६० दिनको लागि रु ४०७९७०० गरि जम्मा रु ८१७४७०० निकासा दिएको पाइयो । तर सो दिवा खाजाको लागि विद्यालयहरुबाट माग फारम, खाजा खर्च विद्यार्थि हाजिरी रकम बुझिलिएको भरपाइ लगायतका प्रमाण बेगर रकम भुक्तानी गरेकोले प्रमाण पेश गर्नुपर्ने रु ८१७४७००

79. भौ नं ९४, ०७७।३।४ यस मुसिकोट नगरपालिका अन्गार्गत रहेका स्वास्थ संस्थाहरुबाट निशुल्क वितरणको लागि खरीद गर्नुपर्ने औषधीहरुको पूर्वानुमान स्पेशिफिकेसन तयार तथा परिमाण निर्धारणका लागि बसेका बैठकमा निम्न कर्मचारीहरुले माइन्युट अनुसार बैठक बसेको दिन भन्दा बढी दिनको भता बुझेकोले निजहरुबाट बढी बुझेको भत्ता असुल गर्नुपर्ने रु १७८५०

| सि नं | कर्मचारीको नाम | पद | दर | भता बुझेको दिन | वास्तविक दिन | बढी दिन | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | नवराज भण्डारी | प्र प्र अ | १००० | ५ | ३ | २ | २००० |
| २ | निरन्जन ज्ञावली | ले अ | १००० | ५ | ३ | २ | २००० |
| ३ | ढाल बहादुर जि सि | स्वा सं | १००० | ६ | ३ | ३ | ३००० |
| ४ | पुस्कर गौतम | स्वा सह सं | १००० | ६ | ३ | ३ | ३००० |
| ५ | राजेन्द्र गौतम | इन्जिनियर | १००० | २ | १ | १ | १००० |
| ६ | प्रकाश घिमिरे | सहायक चौथौ | १००० | ३ | १ | २ | २००० |
| ७ | रण बहादुर थापा | खरिदार | १००० | ५ | २ | ३ | ३००० |
| ८ | मनोज श्रेष्ठ | हे अ | १००० | ३ | १ | २ | २००० |
| ९ | दिपेश राना | स कम्प्यु अपरेटर | १००० | ५ | २ | ३ | ३००० |
| | | | | | | | २१००० |
| | पारिश्रमिक कर कट्टी १५% | | | | | | ३१५० |
| | जम्मा बढी भुक्तानी | | | | | | १७८५० |

80. भौ नं १५४, ०७७।३।३० खोप केन्द्र निर्माण कार्यको लागि रु ५०५१०४ खर्च गरेकोमा नगरपालिकले सशर्तबाट रु ३५०००० समानिकरणबाट रु १००००० गरि जम्मा रु ४५०००० र बाँकि उपभोक्ता समितिले रु ५५१०४ बेहोर्ने गरि निमार्ण गरेको खोप केन्द्रमा झ्याल ढोका बनाएको पारिश्रमिक रु २५००० मा कर १५% रु ३७५० र बालुवा गिट्टी ढुवानी भाडा रु १७०००० मा बहाल कर १०% रु १७००० कट्टी नगरेको कर असुल गर्नुपर्ने रु २०७५०

81. <u>नगरपालिका चालु शिक्षा</u>

भौ नं ११, ०७६।८।२७ मुसिकोट नगरपालिकामा रहेका महेन्द्र माध्यमिक विद्यालयलाई प्राविधिक शिक्षकको लागि रु ५००००००।०० दिएको पाइयो तर यसको खर्च सम्बन्धी कुनै विल भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु ५००००००

| | | |
|---|---|---|
| 82. | <u>सामाजिक सुरक्षा कार्याक्रम</u><br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । | |
| 83. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ | |
| 84. | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । | |
| | **विपद् व्यवस्थापन** | |
| 85. | **कार्ययोजना** : विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमाली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने बजेट विनियोजन गर्ने लगाउने सवै पक्षको समन्वय र संलग्न गराउने ।विपद पुर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने ऐन वमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अध्यावधिक गर्ने विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागु गरी गर्ने, गराउने सम्बन्धि व्यवस्था छ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ । | |
| 86. | **विपद् व्यवस्थापन कोष** : विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३(१४ ) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्थापन सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ।पालिकाले गत वर्षको मौज्दात समेत रु.१७८९०३८०/- आम्दानि भई रु.१५७३२७९५/- खर्च गरी बाकी ररु.२१५८५८५/- देखिन्छ ।उक्त खर्च मध्ये कोरोना महामारीमा रु.१३३२८२८८ खर्च भएको छ । | |
| 87. | **सरकारी तथा सार्जवजनिक जग्गा संरक्षण हक हस्तान्तरण उपयोग तथा** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा गाउपालिका तथा नगरपालिकले आफ्नो क्षेत्रभित्रको सरकारी तथा सामुदायिक सार्वजनिक सम्पतिको रेखदेख मर्मत सम्हार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको/पाइएन।पालिकाले आफ्नोक्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । | |
| 88. | **वार्षिक प्रतिवेदन**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ,४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| 89. | **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली २०७४ को अनुसार पेश्कि वाकि रहेको रकम फछ्र्यौट गर्नुपर्ने रकम रु.. | १७६०००० |

| नगरपालिका पूजिगत तर्फ | संस्थाको वा व्यक्तिको नाम | पेश्कि बाँकि व्यक्तिगत | संस्था |
|---|---|---|---|
| | श्री दायित्व ललितपुर | | १०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विपद व्यवस्थापन तर्फ | वालजी ग्यास सप्लायर्स | | ६0000 | | |
| | | छविलाल न्यौपाने | ५00000 | | | |
| | | रुपा दर्लामी | २00000 | | | |
| | जम्मा | | ७00000 | १0६0000 | | |

| | कोभिड -१९ तर्फ : |
|---|---|
| 90. | कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापन २०७७ आषाढ मसान्त सम्मको प्राप्त र खर्च सम्बन्धि विवरण कार्यालयले रु.१९७८६४५०/- आम्दानी भएको विवरण पेश भएको छ भने आषाढ मसान्त सम्म रु.१५७३१७९५/- खर्च भएको देखाएको छ । आषाढ मसान्त सम्म खर्च नभई रु.४०५४६५५/-बाकि रहेको देखिन्छ ।यसरी कोभिड तर्फ बाँकी मौज्दात रु.४०,५४,६५५/-रहेकोमा एकिकृत आर्थिक विवरण अनुसार बाँकी मौज्दात रु.२१,५८,५८५/- देखिएकोले रु.१८,९६,०७०/- मौज्दात कम देखिएको सम्बन्धमा पालिकाले यकिन गरि पुष्टयाई सहित प्रमाण पेश गर्नुपर्दछ। पालिकाले देहाय अनुसारको आम्दानी खर्चको विवरण पेश गरेको छ । |

| बजेट /आम्दानीको श्रोत | २०७७ आषाढ मसान्त सम्म प्राप्त रकम | खर्च शिर्षक | २०७७ बषाढ मसान्त सम्म खर्च रकम |
|---|---|---|---|
| संघीय संचित कोषबाट | ७३७९५४ | राहत विवरण | ४०९०६५० |
| प्रदेश संचित कोषबाट | १५००००० | क्वारेनटाइन होल्डीङ्ग सेन्टर निर्माण व्यवस्थापन | ४०८८२२३ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजित भएको | १५३५६०७० | आइसोलेसन केन्द्र निर्माण व्यवस्थापन | २९२१३२ |
| संघीय कोभिड कोषबाट | १२२६५५० | जनशक्ति परिचालन | २९६२५६ |
| अन्य श्रोतबाट प्राप्त | ९६५८७६ | औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरीद | २९६३३८३ |
| | | अन्य शिर्षकमा भएको खर्च | १५९७६४४ |
| | | कोभिड बाहेकको विपदको खर्च | २४०३५०७ |
| | | बाँकी | ४०५४६५५ |
| जम्मा | १९७८६४५० | जम्मा | १९७८६४५० |

(क) पालिकाले आम्दानी खर्चको शिर्षक वाइज भिडान गर्न सकिने अभिलेख नराखेको कारण आम्दानी खर्च भिडान गर्न सकिने स्थिति नभएको साथै आम्दानीतर्फ आर्थिक विवरणमा रु.१७८९०३८०/- र कोभिड तर्फको प्राप्त फाराममा रु.१९७८६४५०/- उल्लेख गरिएको छ । अतः आम्दानीको यथार्थ अभिलेख राख्नु पर्दछ ।

(ख) प्रशासनकि जनशक्तीलाई रु.७१३५३८/- प्राविधिक कर्मचारीलाई रु.१५७३००/- र स्वास्थ्यकर्मी लाई रु.४२९८३९०/- गरि रु.५१६९२१८/- कोभिड -१९ को खर्चमा समावेश नगरिएको उक्त खर्च अन्य शिर्षकबाट गरिएको विवरणबाट देखिएको छ ।

91. **जोखिम आंकलन र पूर्व तयारीः** पालिकाले कोभिड-१९ महामारीको जानकारी पश्चात गर्नुपर्ने तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्यानीङ्ग, समुदाय तह स्क्यानिङ्ग, इमरजेन्सि रेस्पोन्स टिम परिचालन क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्ब्नधि का कार्यहरुको कार्ययोजना तयार गरि कार्य गर्ने गरी कार्ययोजना तयार गरेको छैन। पालिकाबाट एकिकृत आर्थीक विवरणमा विपद् व्यवस्थापन कोषमा रु.१७८९०३८०/- आम्दानी देखाएको छ भने , कोभिड-१९ तर्फको आम्दानी खर्चको विवरणमा आम्दानी रु.१९७८६४५०/- उल्लेख गरिएको छ ।

92. नेपाल सरकार द्वारा जारी भएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को दफा ७(ङ) मा अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५०% र कन्ट्रयाक ट्रेसिङ्गमा खटिएका स्वास्थ्य कर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५% जोखिम भत्ता पर्दान गर्न सक्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिम जोखिम भत्ता खर्च लेखेको छ ।

| जोखिम भत्ता पाउने विवरण | संख्या | खर्च | कैफियत |
|---|---|---|---|
| स्वास्थ्य कर्मी | ६१ जना | ४२९८३९० | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मि र का.स |
| प्राविधिक कर्मचारी | १३ जना | ४५३५५६ | अग्रपंतीमा खटिएका |
| प्रशासनिक कर्मचारी | १४ जना | ७१३५३८ | अग्रपंत्तिमा रहि कार्य गरेको |

93. **क्वारेनटाइन र आइसोलेसन व्यवस्थापन:**पालिकाले ५६ वटा विद्यालयहरुमा क्वारेन्टाइन (होल्डिङ्ग सेन्टर) राखेको र सवै ५६ वटा क्वारेनटाइन (होल्डिङ्ग सेन्टर)हरुमा ७०० वेड संख्या रहेका दैनिक रपमा ७०० सम्म वस्न सक्ने क्षमता भएको र आषाढ मसान्त सम्म कुल ९९८ संख्या वसेको विवरण प्राप्त भएको छ । त्यस्तै रुद्रावती वहुमुखि क्याम्पसमा १६ वेडको आइसोलेसन केन्द्र स्थापना भएको र आइसोलेशनमा वस्नेको संख्या शुन्य रहेको छ । क्वारेन्टाइन/होल्डिङ्ग सेन्टर व्यवस्थापन र आइसोलेशन व्यवस्थापन गर्न पूर्व तयारी तथा सामाग्रीको आवश्यकता पहिचान नगरी खर्च गरेको अवस्था छ । निर्माण तथा व्यवस्थापनको लागी प्राप्त विवरण अनुसार क्वारेन्टाइन/होल्डीङ्ग सेन्टर निर्माण तथा व्यवस्थापन मा रु.७१७६६८५/- र आइसोलेसन व्यवस्थापनमा रु.२९२१३२/-खर्च उल्लेख गरिएको छ । र आम्दानी खर्चको विवरणमा होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन रु.४०८८२२३/- मात्र उल्लेख गरिएको छ ।आइसोलेसन केन्द्र रुद्रावती वहुमुखि क्याम्पसमा १६ वेड संख्या को लागि सिरानी खोल सहित ७०, ब्लाङ्केट ओड्ने ७० थान, कम्वल आछ्याउने ७०, तन्ना सिङ्गल वेड ७० थानआदि समेत रु.२९२१३२/- को खर्च भएको उल्लेख छ , तर आइसोलेशनमा बस्ने शुन्य रहेकोले उक्त सामाग्रीहरु प्रयोग बिहिन रहेको देखियो ।

94. **राहत वितरण सम्बन्धमा :** सार्वजनिक खरीद ऐन २०६३ को दफा ६६ मा विशेष परिस्थिति उत्पन्न भइ तत्काल खरीद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आइ परेमा सार्वजनिक निकायले तत्काल खरीद गर्नु गराउने सकिने र तत्काल खरीद सम्बन्धि विस्तृत विवरणको जानकारी एकतह माथिको अधिकारीलाई दिनुपर्ने उल्लेख छ साथै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरीद गर्ने सम्बन्धि व्यवस्था अनुसार ऐनको दफा ६६ वमोजिम खरीद गर्दा सार्वजनकि निकायले खरीदको आवश्यकता लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराइ वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ पत्र वा प्रस्ताव लिइ स्वच्छ र उचित मूल्यमा वार्ता गरि खरीद गर्नुपर्ने उल्लेख छ । तर पालिकाले गुजारा चलाउन नसक्नेहरुका लागि राहत उपलब्ध गराउन वडा कार्यालयहरुलाई जिम्मा दिई वडा कार्यालयहरुले राहत वितरण गर्नको लागी सोझै आपूर्तिकर्ताहरु संग खरीद गरी वितरण गरिएको छ। निम्न गोश्वरा भौचरबाट निम्न आपूर्ति कर्ता संग खरीद गरि वितरण गरिएको छ।पालिकाले वितरण गरेको विवरण निम्न बमोजिम दिएको छ फाटवारी र विवरण फरक देखिएको छ।पालिकाले वास्तवमा वितरण गरेको आधारमा विवरण तयार गरेको देखिएन।प्राप्त विवरणमा कच्चावारी जोड्दा रु.४०६४४४०/- भएकोमा जम्मा रु.४४०९०६५०/-उल्लेख छ। भने वितरण संख्या २२३१ भएकोमा विवरणमा २१६२ उल्लेख भएकोले प्राप्त विवरणमा विस्वस्त हुन सकिने अवस्था भएन ।

| वडा नं. | गो.भै. मिति | आपूर्तिकर्ता | रकम | वितरण संख्या | खर्च रकम | राहत वितरण संख्या |
|---|---|---|---|---|---|---|
| १ | २९-०७७/२/१३ | छत्रभुमि ट्रेडर्स | ६००५३० | ३२४ | ६००५३० | ३२४ |
| २ | २३-०७७/१/३० | त्रिरत्न सपिङ्ग सेन्टर | ३७६७४० | २०७ | ४९२५४४ | २०७ |
| ३ | २४-०७७/१/३० | त्रिरत्न सपिङ्ग सेन्टर | ३६४००० | २७० | ३६४००० | २७० |
| ३ | २५-०७७/१/३० | आशिष किराना पसल | १३५७७० | ७० | | |
| ४ | २६-०७७/१/३० | सपना स्टोर्स | ५६५१९० | २९२ | ५६५१९० | २९२ |
| ५ | ३०-०७७/२/१३ | ८ वटा आपूर्तिकर्ता बाट | ४१६३०० | २१७ | ४१००५६ | २१७ |
| ६ | ३१- | ४ वटा आपुर्तिकर्ताव | ३८६६५० | २१२ | ३८६६५० | २१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७७/२/१३ | बाट | | | | |
| ७ | २२-<br>०७७/१/२९ | २ वटा बपूर्तिकर्ता बाट | ४०१९०० | २१४ | ४०१९०० | २१४ |
| ८ | २७-<br>०७७/१/३० | थिर ब्रदर्श ट्रेड लिंक | ४९१०८० | २५४ | ४९१०८० | २५४ |
| ९ | २८-<br>०७७/२/१३ | कालिका स्टोर्स | ३५२४९० | १७१ | ३५२४९० | १७१ |
| | जम्मा | | ४०९०६५० | २२३१ | ४०६४४४० | २१६२ |

95. **केश अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसः** पालिकाबाट प्राप्त विवरण अनुसार केश अनुसन्धान तथा खोज पड्तालका लागि र टिम परिचालन गरी रु.१४३३७७४/- खर्च गरी कन्टयाक्ट मा आएका व्यक्तिहरु ५६ जना पहिचान गरि सामान्य परामर्श ,फलोअप तथा रेफर गरिएको र ७०४ पि.सी.आर. तथा ९९८ आर.डी.टी नमूना परीक्षण गरिएकव विवरण प्रापत भएको छ पालिकाले केश अनुसन्धान गरेको शुन्य रहेको देखिन्छ

96. **औषधि, स्वास्थ्य सामाग्रि एवं उपकरण खरीद :** सार्वजनिक खरीद ऐन २०६३ को दफा ६६ मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरीद नगर्दा सार्वनिक निकायलाई थप हानि नोक्सानी हुने अवस्था आई परेमा सार्वजनिक निकयाले तत्काल खरीद गर्न गराउन सकिने र त्तकाल खरीद सम्बन्धि विस्तृत विवरणको जानकारी एक तह माथिको अधिकारीलाई दिनुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरीद गर्ने सम्बन्धि व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरीद गर्दा सार्वजनिक निकायले खरीदको आवश्यकता लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिको लागी मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्ति कर्ता परामर्शदाता वा सेवा प्रदायकसंग लिखित दरभाउपत्र वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यमा वार्ता गरि खरीद गर्नुपर्ने उल्लेख छ । तर पालकिले उक्त विधि अनुसार खरीद गरेको छैन पालिका बाट प्राप्त विवरण अनुसार औषधी, स्वास्थ्य सामाग्रि एवं उपकरण निम्म वमोजिम आपूर्तिकर्ताहरुबाट रु.२९६३३८३/- को खरीद गरेको उल्लेख छ । पालिकाले निम्न आपूर्तिकर्ताहरुबाट रु.३४०२१३४/- खरीद गरेको छ। पालिकाको श्रेष्ता अनुसार विवरण तयार गरेको देखिएन । ऐन नियममा व्यवस्था भएको प्रक्रिया अवलम्बन नगर्दा एउटै सामान फरक फरक मूल्यमा खरीद भएको अवस्था छ ।

| गो.भौ.नं. मिति | आपूर्तिकर्ताको नाम | खरीद मिति | रकम | खरीद मध्य मूख्य सामान | संख्या | दर |
|---|---|---|---|---|---|---|
| ११-<br>०७७/१/१० | रुरु सटिङ्ग सुटिङ्ग सेन्टर | ०७६/१२/२० | १९८०० | सर्जिकल गाउन | १५ पिस | १३२० |
| | रुरु सटिङ्ग सुटिङ्ग सेन्टर | ०७६/१२/२६ | १९८०० | सर्जिकल गाउन | १५ पिस | १३२० |
| १३-<br>०७७/१/१४ | एच.आर मेडिकल कन्सर्न प्रा.लि | ०७६/१२/१५ | ८७७११ | पि.पि.इ सेट | १० | ७५२२ |
| १५-<br>०७७/१/१४ | ए.वान फर्मा | ०७६/१२/२८ | ४५५५०५ | थर्मो गन<br>N95 माक्स | ११<br>१०० | ७५००<br>३२५ |
| १६-<br>०७७/१/१४ | समुद्र मेडिको फर्मा | ०७६/१२/१ | ४९७६४३ | थर्मो गन<br>N95 माक्स | १<br>१६ | ७५००<br>१५०० |
| ३७-<br>०७७/२/२७ | सुर्य ट्रेड कन्सर्न | ०७७/२/४ | ९३४०० | KN95मास्कस | २२० | ३९८ |
| | सुर्य ट्रेड कन्सर्न | ०७७/२/१३ | ५०७५९ | Ex glove | ५० वक्स | ४०० |
| | शरण मेडिसिन डिस्ट्रिव्युटर्स | ०७७/२/१९ | ९०००४ | फेस माक्स | ९००० पिस | ८/८५ |
| | शरण मेडिसिन डिस्ट्रिव्युटर्स | ०७७/२/१३ | ११२२९५० | पि.पि.इ सेट<br>पि.पि.इ सेट | ५०सेट नर्मल<br>५० सेट हेभ्वि | ३५००<br>७५०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | फिल्टर KN95माक्स<br>माक्स नर्मल | २०० थान<br>५००० थान | ४५०<br>१६ | | |
| | ५२-<br>०७७/३/२४ | म्याक्सीम<br>इन्टरनेशनल ट्रेडिङ्ग | ०७७/३/१४ | ४९९९८५ | KN95माक्स | ५०० पिस | १८५ | | |
| | ६६-<br>०७७/३/३१ | राजु टेलर्स समेत ३<br>वटा आपुर्तिकर्ता | ०७७/१२/१२ | ५७३३२ | कपडाको माक्स | २६०६ पिस | २२ | | |
| | ६७-<br>०७७/३/३१ | शरण मेडिसिन<br>डिस्ट्रिव्युटर्स | ०७७/३/१२ | ४०७२४५ | पि.पि.इ सेट<br>पि.पि.इ.सेट | २० थान हेभि<br>२० थान नर्मल | ६५००<br>३५०० | | |
| | | | जम्मा | ३४०२१३४ | | | | | |

मुसिकोट नगरपालिका

सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७६/०७७

(रु. हजारमा)

| क.स. | स्थानिय तह | जिल्ला | आय | | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाँडफाड रकम | आन्तरिक आय | अन्य आय | | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | मुसिकोट नगरपालिका | गुल्मी | ५८५८ | ४२००२८ | ६६९१६ | १२२१४ | १३६२६२ | ६४१२७८ | २८४३५२ | १७८४९५ | १६२६९१ | ६२५५३८ | १५७४० |

अनुसुची २

बेरुजु बर्गीकरण

(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

| क.स | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजत पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | गुल्मी | मुसिकोट नगरपालिका | ८३ | ४८ | ३७३२९ | ० | १२ | ५१०७ | ८३ | ३६ | ३२२२२ | २९४९ | ९७१५ | १७७९८ | ० | ० | २७५१३ | ७०० | १०६० | १७६० |

अनुसुची-३

(रु. हजारमा)

अद्यावधिक बेरुजु स्थिति

| क.स | स्थानीय तहको नाम | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाँकी | यो बर्ष सं.प.बाट कायम भएको बेरुजु | यो बर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुसिकोट नगरपालिका | गुल्मी | ५५६५५ | १२३७६ | ४३२७९ | ० | ३२२२२ | ७५५०१ |